# पहिलो परिच्छेद

## शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व रहेको छ ।

### १.२ शोधार्थी

भेषराज तिम्सीना

### १.३ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नात्तकोत्तर तहको आंशिक परिपूर्तिको लागि दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गर्नु रहेको छ ।

### १.४ विषय परिचय

साहित्यकार गोविन्दप्रसाद भट्टराईको जन्म वि.सं. २०१२ साल माघ १ गते खोटाङ्ग जिल्लाको रावा लामिडाँडा गा.वि.स. वडा नं. ८ मा भएको थियो । उनका पिताको नाम कृष्णप्रसाद भट्टराई र माताको नाम सावित्री भट्टराई हो । उनका

सहोदर दाजु डा. माधव भट्टराई र भाइ ध्रुव भट्टराई हुन् । नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका भट्टराईले १८ वर्ष भन्दा बढी क्याम्पसमा अध्यापन गराइसकेका थिए । उनले वि.सं. २०४३ सालमा 'केही कवि केही कविता' नामक सामूहिक कवितासङ्ग्रह सर्वप्रथम प्रकाशित गरेका थिए । उनको वि.सं. २०५९ चैत्र ६ गतेका दिन असामयिक निधन भएको थियो । कविता र समालोचनामा कलम चलाउने भट्टराईको जीवनीले दिएको प्रेरणा र योगदानको मूल्याङ्कनतर्फ प्रस्तुत शोधपत्र उन्मुख रहेको छ ।

## १.५ समस्याकथन

यस शोधपत्रमा साहित्यकार गोविन्दप्रसाद भट्टराईको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन/विश्लेषण गरिने छ । नेपाली साहित्यको विभिन्न विधामा कलम चलाउने कवि तथा समालोचक भट्टराईको जीवनी सम्बन्धी निम्न बुँदाहरूमा प्रकाश पारिएको छ ।

१. गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व के कस्तो थियो ?

२. गोविन्दप्रसाद भट्टराईको कविता लेखनको थालनी कहिले भयो ?

३. उनले नेपाली कविता विधा तथा अन्य साहित्यिक विधामा दिएको योगदान के कस्तो रहेको छ ?

४.	उनका कृतिहरूका माध्यमबाट कवि भट्टराईको नेपाली साहित्यमा कस्तो स्थान रहेको छ ?

यिनै शोध समस्याहरूमा केन्द्रित भई प्रस्तुत शोधपत्र तयार गर्ने प्रयास गरिएको छ ।

## १.६ शोधकार्यका उद्देश्यहरू

उपर्युक्त शोध समस्यामा केन्द्रित रही साहित्यकार गोविन्दप्रसाद भट्टराईका विविध व्यक्तित्वलाई निम्न उद्देश्यहरूमा देहाय बमोजिम प्रष्ट पारिएको छ ।

- गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको पृष्ठभूमि तयार गर्नु ।
- उनका विविध साहित्यिक क्रियाकलापको चर्चा गर्दै व्यक्तित्वको वारेमा विवेचना गर्नु ।
- उनका कृतिको सरसर्ति अध्ययन विश्लेषण गर्नु ।

## १.७ पूर्वकार्य समीक्षा

आधुनिक नेपाली साहित्यको क्षेत्रमा विशेषत समालोचना र कविता विधामा कलम चलाएका गोविन्दप्रसाद भट्टराईका बारेमा हालसम्म फुटकर चर्चा परिचर्चा बाहेक उनका बारेमा विस्तृत र सुव्यवस्थित अध्ययन अनुसन्धान भएको पाइँदैन ।

हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएका चर्चा परिचर्चा वा टिप्पणी निम्नलिखित तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

- मोहन कोइरालाले 'केही कविः केही कविता' नामक पुस्तकको भूमिकामा गोविन्दप्रसाद भट्टराई समालोचना क्षेत्रमा कलम चलाउने एक साहित्यिक प्रतिभा हुन् भनेका छन् ।
- बासुदेव त्रिपाठी र अरुहरूद्वारा सम्पादित नेपाली कविता भाग-४ (२०५४) नामक पुस्तकमा समसामयिक धाराका विशेष चर्चित कविहरूको नामोल्लेख गर्दै गोविन्दप्रसाद भट्टराईको पनि नामोल्लेख गरिएको छ ।
- 'केही कविः केही कविता' नामक पुस्तकमा विभिन्न दश जना कविहरूमध्ये गोविन्दप्रसाद भट्टराईको पनि नामोल्लेख गरिएको छ ।
- हाम्रो नेपाली किताब कक्षा ६ र ८ सम्बन्धित विषयको पाठ्यपुस्तक परीक्षणका रूपमा (२०५१) श्री ५ को सरकार शिक्षा मन्त्रालय पा.वि. केन्द्रद्वारा परिमार्जित रूपमा (२०५२) लेखक तथा सम्पादकमा गोविन्दप्रसाद भट्टराईको नाम उल्लेख गरिएको छ ।
- डा. भूपहरि पौडेलले 'नेपालको विद्वत् परम्परा' नामक पुस्तकमा संस्कृत छात्रावासमा रहँदा चिनिएका डा. माधव भट्टराई र गोविन्दप्रसाद भट्टराई दुवै प्रतिभावान् साहित्यकार हुन् भनेका छन् ।

- हेमन्त श्रेष्ठ र केशव सुवेदी सम्पादक रहनु भएको साहित्यिक पत्रकार संघको आधिकारिक मुखपत्र 'सिर्जना' (२०४५) नामक पत्रिकामा गोविन्दप्रसाद भट्टराईको सङक्षिप्त परिचय प्रकाशित गरिएको छ। (पृष्ठ ३५)
- 'पहलमानसिंह स्वाँरका कृतित्व र विशेषता' नामक लेखमा लेखक गणेशराज जोशीले गरिमाः असार २०६२ को पृष्ठ ५६ मा गोविन्दप्रसाद भट्टराईको नाम उल्लेख गरेका छन्।

## १.८ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यका विभिन्न विधामा कलम चलाउने गोविन्दप्रसाद भट्टराईका बारेमा सामान्य टिप्पणी र छिटफुट चर्चा-परिचर्चा भएर ओझेलमा रहेको जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थिगत ढङ्गले व्यापक अध्ययन अनुसन्धान गरिएको छ। नेपाली कविता र समालोचनाको क्षेत्रमा गोविन्दप्रसाद भट्टराईले पुऱ्याएको योगदानलाई स्पष्ट गरी व्यवस्थित रूपमा तयार पारिएको यस शोधपत्रले आउने पिंढीलाई उनका बारेमा जान्न ठूलो सहयोग पुऱ्याउनु महत्वपूर्ण कार्य हो। यी विविध दृष्टिकोणले गर्दा प्रस्तुत शोधपत्रको अध्ययन औचित्यपूर्ण भएको छ।

## १.९ शोधकार्यको सीमाङ्कन

गोविन्दप्रसाद भट्टराईले नेपाली साहित्यका क्षेत्रमा ठूलो योगदान दिएका छन् । नेपाली साहित्यका कविता, निबन्ध, समालोचना र पत्रकारिता जस्ता विधामा कलम चलाउने भट्टराईले विभिन्न साप्ताहिक, साहित्यिक र साँस्कृतिक पत्रपत्रिकाहरूको पनि सम्पादनमा सङलग्न रही बहुआयामिक व्यक्तित्वको परिचय दिएका थिए । साहित्यकार भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वलाई पूर्णत समेट्न खोज्नु नै यस शोधपत्रको सीमा हो । उनको जीवनी, व्यक्तित्व र कृतित्वको सरसर्ति अध्ययन नै यस शोधपत्रको कार्यक्षेत्र रहेको छ ।

## १.१० शोधविधि

सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रको तयारीका लागि निम्न किसिमले सामग्री सङ्कलन गर्ने प्रयास गरिएको छ ।

क) साहित्यकार गोविन्दप्रसाद भट्टराईका बारेमा गरिएका समीक्षात्मक टिप्पणीका साथै पुस्तकालयीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको आधार बनाईएको छ ।

ख) गोविन्दप्रसाद भट्टराईका बारेमा गरिएका अनुसन्धानमूलक अध्ययनलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ ।

ग)   उनका आफन्तजन र परिवारका सदस्यसँग भेटघाट गरी प्रत्यक्ष कुराकानीको माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेदः | शोध परिचय |
| दोस्रो परिच्छेदः | गोविन्दप्रसाद भट्टराईको जीवनी |
| तेस्रो परिच्छेदः | गोविन्दप्रसाद भट्टराईको व्यक्तित्व |
| चौथो परिच्छेदः | गोविन्दप्रसाद भट्टराईको साहित्यिक यात्रा |
| पाँचौं परिच्छेदः | गोविन्दप्रसाद भट्टराईका कृतिहरूको विश्लेषण |
| छैटौं परिच्छेदः | उपसंहार तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

## गोविन्दप्रसाद भट्टराईको जीवनी

### २.१ जन्म र जन्मस्थान

गोविन्दप्रसाद भट्टराईको जन्म वि.सं. २०१२ माघ १ गतेको दिन सगरमाथा अञ्चल खोटाङ्ग जिल्लाअन्तर्गत रावा लामिडाँडा गाउँ विकास समिति वडा नं. ८ मा भएको हो ।[१] उनका पिताको नाम कृष्णप्रसाद भट्टराई र माताको नाम सावित्री भट्टराई हो ।

गोविन्दप्रसाद भट्टराईको न्वारानको नाम शिवप्रसाद भट्टराई हो ।[२] बोलाउने नाम तथा पाठशालामा भर्ना गर्दा उनको नाम गोविन्दप्रसाद भट्टराई राखियो । उनी नेपाली साहित्यका विविध क्षेत्रमा यही नामबाट सुपरिचित हुन पुगेका छन् । यिनका बाबुका तीन छोरा र दुई छोरी गरी पाँच सन्तान थिए । छोराहरूको नाम डा. माधव भट्टराई, गोविन्दप्रसाद भट्टराई र ध्रुव भट्टराई हो । गोविन्दप्रसाद भट्टराई महिला छोरा थिए । उनका एक दिदी र एक बहिनी पनि छन् ।

---

[१] गोविन्दप्रसाद भट्टराईका परिवारसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२] माधव भट्टराईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

## २.२ पारिवारिक पृष्ठभूमि

गोविन्दप्रसाद भट्टराईको पुर्ख्यौली थलो पनि खोटाङ्ग जिल्लाको रावा लामिडाँडा हो ।[३] उनका हजुरबुबाको नाम पण्डित केदारनाथ भट्टराई थियो । उनी गाउँका मुखिया थिए र अड्डा-अदालतको काम पनि गर्दथे । लामिडाँडा वरपरका चार-पाँच गाउँ-समुदायका मानिसहरू उनका हजुरबुबाको नाम लिने गर्दथे । पण्डित केदारनाथ भट्टराई त्यतिखेरका प्रकाण्ड विद्वान् हुन् भन्ने कुरा सबैलाई थाहा थियो । गोविन्दप्रसाद भट्टराईका बुबा कृष्णप्रसाद भट्टराई भने सोझा, सरल र शिष्ट प्रवृत्तिका व्यक्ति थिए ।[४] पण्डित केदारनाथ एक प्रतिष्ठित विद्वान् र प्रख्यात पण्डित भएकाले विभिन्न वेदान्त दर्शनका श्लोक, रुद्री-चण्डीका पाठहरू उनका छोरा कृष्णप्रसाद भट्टराईले कण्ठस्थ सुनाउने गर्दथे । गोविन्दप्रसाद भट्टराईका हजुरबुबा जिल्लाभरिमै नाम कहलिएका व्यक्ति हुनुहुन्थ्यो ।[५] यसरी हजुरबुबाको पण्डित्याँइ र बुबा कृष्णप्रसाद भट्टराईको कण्ठस्थ पार्ने विद्वत् गुणहरू गोविन्दप्रसाद भट्टराईमा हस्तान्तरण हुँदै आएको पाइन्छ ।

गोविन्दप्रसाद भट्टराईका सहोदर दाजु नायब बडागुरुज्यू डा. माधव भट्टराई संस्कृत र नेपाली साहित्यमा एक ख्याति प्राप्त व्यक्तित्व हुनुहुन्छ । घरमा हजुरबुबा

---

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

र बुबाको साथभन्दा बढी समय घर बाहिरै आफ्ना दाजु डा. माधव भट्टराईसँग बसेर पढ्दा साहित्य लेखनतर्फ उन्मुख हुने वातावरण पनि त्यतिखेर नै उनले तयार पारेका थिए ।

यसरी शिक्षित हजुरबुबा, पठित बुबा र विद्वान् दाजुबाट गोविन्दप्रसाद भट्टराईको स्वभाव, संस्कार र प्रवृत्तिको निर्माण भएको पाइन्छ ।

## २.३ बाल्यकाल

गोविन्दप्रसाद भट्टराईको बाल्यकाल आफ्नै घरदैलोमा हजुरबुबा, बुबा र आमाका साथ रमाइलोसँग बितेको थियो । सम्पन्न र शिक्षित परिवार भएकाले आफ्नो बाल्यकालमा उनले कुनै अभाव र अप्ठ्याराहरू भोग्नु परेन । पठनपाठनका अतिरिक्त घरको काम पनि सघाउन उनलाई मन पर्दथ्यो । बुबाको अधिकांश समय घरबाहिर बित्ने र दाजु डा. माधव भट्टराई पनि अध्ययनको सिलसिलामा घर बाहिर भएका हुनाले गोविन्दप्रसाद भट्टराई आमाको रेखदेखमा हुर्कँदै गए ।[६]

यसरी गोविन्दप्रसाद भट्टराईले हजुबुबाको पण्डित्यपूर्ण तथा चाखलाग्दो मीठो बोलीबचन सुन्दै र आमाबुबाको औंला समाउँदै आफ्नो बाल्यकाल विताएको पाइन्छ

---

[६] ऐजन ।

। बाल्यकालमा उनको घरपरिवार र बाह्य परिवेशबाट पाएका अनुभवहरूले उनको साहित्यिक व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## २.४ शिक्षादीक्षा

गोविन्दप्रसाद भट्टराई पाँचवर्ष हुँदानहुँदै हजुरबुबा पण्डित केदारनाथ भट्टराईबाट घरमै यिनको अक्षरराम्भ भयो ।[७] घरको साधारण लेखपढपछि घरबाट सबभन्दा नजिक पर्ने लामिडाँडाको भञ्ज्याङ्मा रहेको विश्वज्योति प्राथमिक विद्यालय लामिडाँडामा भर्ना भएर यिनको औपचारिक रूपमा शिक्षारम्भ भएको हो ।[८] उनले प्राथमिक तह उत्तीर्ण गरेपछि माध्यमिक तहको अध्ययनका लागि दाजु डा. माधव भट्टराई पढेको मटिहानी राजकीय संस्कृत पाठशाला महोत्तरीबाट वि.सं. २०२८ मा पूर्व मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए ।[९]

गोविन्दप्रसाद भट्टराईको उच्च शिक्षा काठमाडौंबाट आरम्भ भएको हो । उनले वि.सं. २०२८ सालमा पूर्वमध्यमा परीक्षा उत्तीर्ण भएपछि काठमाडौं आई संस्कृत छात्रावासमा रही उत्तरमध्यमा तहको अध्ययन गर्न थालेका थिए ।[१०] वि.सं.

---

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

२०३० सालमा बाल्मीकि संस्कृत विद्यापीठबाट द्वितीय श्रेणीमा उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेका थिए । वि.सं. २०३३ सालमा उनले यसै क्याम्पसबाट संस्कृतशास्त्रीको उपाधि हासिल गरेका थिए ।[११] संस्कृत छात्रावासमा वस्दा त्यहाँ हुने विविध साहित्यिक कार्यक्रममा सहभागी भई विभिन्न पुरस्कार प्राप्त गर्ने भट्टराई पढाइमा ज्यादै लगनशील र मेधावी छात्र मानिन्थे । नेपालको विद्वत् परम्परा नामक पुस्तकका लेखक डा. भूपहरि पौडेल पनि संस्कृत छात्रावासमा रहँदा गोविन्दप्रसाद भट्टराईसँग राम्ररी परिचित थिए ।[१२] पशुपति सदनका प्रमुख बनी जुनसुकै कार्यक्रममा पनि प्रथम हुने विद्वान व्यक्तित्व र प्रतिष्ठित साहित्यकारका रूपमा गोविन्दप्रसाद भट्टराईलाई माथि उल्लिखित लेखकले नमोल्लेख गरेका छन् ।[१३]

गोविन्दप्रसाद भट्टराई वि.सं. २०३३ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा नेपाली विषयमा स्नात्तकोत्तर तहमा भर्ना भए ।[१४] पढाइमा ज्यादै लगनशील र उत्कृष्ट छात्र भएका कारण उनले २०३४ सालमा र २०३५ सालमा स्नात्तकोत्तर तहमा छात्रवृत्ति प्राप्त गरे । सन् १९७९ मा उनले मानविकी र सामाजिक शास्त्राचार्य (नेपाली) परीक्षामा प्रथम श्रेणीमा प्रथम भई विभिन्न पदक

---

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] भुपहरि पौडेल, **नेपालको विद्वत् परम्पराको इतिहास**, नेपाल साहित्य प्रकाशन केन्द्र, (काठमाडौँ २०५१), पृ. २० ।

[१४] माधव भ§राईसँग लिएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

तथा पुरस्कारहरू प्राप्त गरे । लारी स्वर्ण पदक (१९७९) द्वारा उनलाई सम्मानित गरियो । त्यसैगरी महेन्द्र विद्याभूषण पदक २०३८ सालमा प्रदान गरियो ।

यसरी गोविन्दप्रसाद भट्टराई पढाइमा सामान्य छात्र मात्र नभई एक उत्कृष्ट र मेधावी छात्र थिए । तत्कालीन सामाजिक परिवेश र पारिवारिक पृष्ठभूमिले गर्दा उनी एक शिक्षित र साहित्यप्रेमी तथा अनुरागी व्यक्तिका रूपमा चिर-परिचित थिए ।

## २.५ विवाह

ब्राह्मण कुलमा जन्मेर उच्चशिक्षा प्राप्त गरेका गोविन्दप्रसाद भट्टराईले विवाहलाई परम्परागत रूपमा नै सु-सम्पन्न गरेका थिए । वि.सं. २०३८ साल माघ ७ गतेका दिन ब्राह्मण समुदायकै कन्या प्रेमा पौडेलका साथ उनको विवाह सम्पन्न भएको थियो ।[१५] उनी काठमाडौं महानगरपालिका ठमेल निवासी हुतनाथ पौडेलकी सुपुत्री थिइन् ।[१६] ब्राह्मण परम्परा अनुसार २६ वर्षको उमेरमा गोविन्दप्रसाद भट्टराईको विवाह भएको थियो ।

---

[१५] ऐजन ।

[१६] ऐजन ।

## २.६ सन्तान

गोविन्दप्रसाद भट्टराईको विवाह भएको सात वर्षपछि वि.सं. २०४५ साल चैत्र ५ गते प्रथम सन्तानका रूपमा छोरी अनामिका भट्टराईको जन्म भएको थियो ।[१७] त्यसपछि दोस्रो सन्तानको रूपमा वि.सं. २०५६ साउन ७ गतेका दिन छोरी अवन्तिका भट्टराईको जन्म भयो ।[१८] छोरी अनामिका भि.एस. निकेतन उच्च मा.वि. कक्षा १२ मा अध्ययनरत छिन् । त्यसै गरी छोरी अवन्तिका पनि त्यही स्कूलको कक्षा यु.के.जी. मा अध्ययनरत छिन् ।

## २.७ आर्थिक अवस्था

गोविन्दप्रसाद भट्टराईको पैतृक सम्पत्ति उनका बाबुले उपयोग गरेका हुनाले आीर्थक कारोबारभन्दा बढी उनलाई शैक्षिक क्रियाकलापमा ध्यान गयो । बाल्यकालमा कुनै आीर्थक अभाव नदेखिए तापनि पनि अध्ययनका सिलसिलामा केही आर्थिक न्युनता देखा परेको थियो । गोविन्दप्रसाद भट्टराईका हजुरबुबा प्रकाण्ड विद्वान् तथा पेसाका हिसाबले मुखिया भएकाले आफ्ना ठाउँमा धन र प्रतिष्ठा दुवै कमाएका थिए ।

---

[१७] ऐजन ।

[१८] गोबिन्दप्रसाद भ§राईका परिवारसँग गरिएको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

जीविकोपार्जन तथा आर्थिक जीवन विस्तार गर्ने क्रममा गोविन्दप्रसाद भट्टराईले अध्ययनलाई पूरा गरिसकेपछि प्राध्यापन पेसालाई अँगालेका थिए ।[१९] त्यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाको सम्पादकसमेत रहेका भट्टराईको विभिन्न संस्थामा सङलग्नता यस प्रकार थियो ।

१. पद्मकन्या क्याम्पस बागबजारमा सहायक प्रध्यापक २०३६/५/१ देखि
२. ठाकुरराम बहुमुखी क्याम्पस बीरगञ्जमा सहायक प्रध्यापक २०३९/५/११ देखि
३. भक्तपुर बहुमुखी क्याम्पस भक्तपुरमा सहायक प्रध्यापक २०४०/६/१ देखि
४. विश्वभाषा क्याम्पस प्रदर्शनीमार्ग काठमाडौंमा प्रध्यापक २०४१/८/६ देखि
५. त्रिचन्द्र बहुमुखी क्याम्पस घण्टाघरमा सहायक प्रध्यापक २०४२/५/१७ देखि
६. २०५३ सालदेखि त्रिचन्द्र कलेज घण्टाघरमा स्नात्तकोत्तर तहको शिक्षण कार्यक्रम संयोजक ।
७. आरम्भ र अहोरात्र साप्ताहिकका सम्पादक (२०४८/४९)

यसरी विभिन्न पेसामा सङलग्न रहनुका साथै गुणराज पोखरेल, दाजु माधव भट्टराई र गोविन्दप्रसाद भट्टराई मिलेर ना १ ख ८८४६ र ना १ ख ८८५५ नम्बरका दूधकोशी यातायात नामको रात्री बस किन्नु भएको थियो । हाल उहाँका परिवारहरू

[१९] ऐजन ।

बसेका जम्मा ६ आना जग्गामा अनामनगर वडा नं. ३२ का.म.पा. मा दुईवटा चारतले घरहरू रहेका छन् । उक्त घरहरू र जे-जति आय-आर्जन स्वयम् उहाँकै व्यक्तिगत प्रयासले सार्थक भएको पाइन्छ ।

## २.८ व्यक्तिगत रुचि तथा स्वभाव

गोविन्दप्रसाद भट्टराई सानैदेखि पढ्न, लेख्न असाध्यै रुचाउँथे । पहिले अधिकांश समय पढाइ, लेखाइमा बिताएका र पछि प्राध्यापन पेसामा उनी सङ्लग्न रहेका थिए । साहित्यिक गोष्ठीहरूमा पनि बारम्बार भाग लिने गर्थे । सबैसँग नरम र मिजासिलो व्यवहार गर्न मन पराउने उनको बानी थियो । आफ्नो परिवार र छोराछोरीको हेरचाहमा पनि उत्तिकै ख्याल पुऱ्याउने भट्टराई आफ्ना घरमा आएका जुनसुकै स्तर र वर्गका पाहुनालाई समयानुकूलको खानेकुराले स्वागत गरेर पठाउँथे ।[२०] साथीभाइ र मित्र तथा बन्धुबान्धवमा उनको साह्रै मेलमिलाप थियो । उनी सरल, सोभ्हा, निश्छल, निष्कपट र स्वाभिमानी व्यक्ति थिए । ब्राम्हाण कूलमा जन्मेका हुनाले हिन्दू धर्मका चाड र संस्कारहरू प्रति उनको आस्था र विश्वास रहेको पाइन्छ । उनी उदार र सहयोगी स्वभावका धनी थिए । शान्त, सुशील र गम्भीर स्वभावका गोविन्दप्रसाद भट्टराईको राजनीतिक र सामाजिक क्षेत्रमा उल्लेखनीय सहभागीता रहेको पाइन्छ ।

[२०] माधव भट्टराईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

शारीरिक रूपले स्वस्थ र मझौला कदका, रातो वर्णका गोविन्दप्रसाद भट्टराई साहित्यिक विषयप्रति ज्याँदै अनुराग राख्थे ।[२१] उनले विद्यार्थी जीवनकालमा विद्यार्थी सङ्गठनहरूको नेतृत्व प्रदान गरेका थिए । राजनीतिक प्रकृतिका गोष्ठीहरूमा आफ्ना विचार प्रस्तुत गर्दै राजनीतिक एवम् शैक्षिक आन्दोलनहरूमा सक्रिय समभागिता जनाएका थिए । वि.सं. २०३६-३७ सालमा विद्यार्थी आन्दोलनको नेतृत्व गर्दै ने.वि. संघका बलबहादुर के.सी. र अन्यहरूसँग उनको उल्लेखनीय सहभागिता रहेको देखिन्छ ।[२२]

गोविन्दप्रसाद भट्टराई सामाजिक सेवाका क्षेत्रमा सङ्लग्न रहेका थिए । सनातन धर्म सेवा समिति, नि:सहाय सेवा समाज र अनामनगर मैत्री समाज तथा लायन्स क्लब अफ काठमाडौंमा रहेर विभिन्न सामाजिक क्रियाकलापमा उनी सङलग्न रहेका थिए ।[२३]

यसरी शान्त र गम्भीर स्वभावका भट्टराई निर्भीक, निडर र नेतृत्वशाली व्यक्तित्वका धनी थिए । उनका रचनाहरूमा पनि समसामायिक र संवेदनशील भावनाहरूको प्रष्टफुटन भएको पाइन्छ ।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन ।

## २.९ भ्रमण

गोविन्दप्रसाद भट्टराईले आफ्नो सामाजिक र साहित्यिक क्रियाकलापको सिलसिलामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण गरेका छन् । श्री ५ महाराजधिराजको क्षेत्रीय भ्रमणका सिलसिलामा होस् वा अन्य राजनीतिक, साँस्कृतिक र साहित्यिक कार्यक्रम तथा गोष्ठी उनले नेपालका ४९ जिल्लाको भ्रमण गरिसकेका छन् ।[२४] उनले छिमेकी देशहरू भारत र चीनको स्वशासित क्षेत्र तिब्बतको समेत भ्रमण गरेका छन् ।

यसरी उनले स्वदेश र छिमेकी मुलुकका विभिन्न ठाउँको भ्रमण गरेकाले उनको जीवन यात्रामूलक र गतिशील रहेको छ ।

### २.९.१ साहित्यिक लेखनमा प्रवेश

गोविन्दप्रसाद भट्टराई सानै छँदा उनका हजुरबुबा र बुबाले पढ्ने रामायण, रुदी र अन्य पुस्तकहरूको अध्ययनमा चाख राख्थे । पछि गएर दाजु डा. माधव भट्टराइसँग बस्दा उनले लेखेका विभिन्न लेख रचनाहरू पढेर पनि साहित्य लेखनको जग बसालेको पाइन्छ । अध्ययनशील स्वभावका भट्टराई विद्यालय तहदेखि नै विभिन्न साहित्यिक कार्यक्रम र प्रतियोगितामा भागलिने गर्दथे । अत्यन्त प्रतिभाशाली

---

[२४] ऐजन ।

भएकाले उनले कुनै न कुनै पुरस्कार पाएरै छाड्थे । त्यतिबेला उनले लेखेका कविताहरू हाल उपलब्ध छैनन् ।

वि.सं. २०३० सालमा तीनधारा संस्कृत छात्रावासमा बस्दा उनले छात्रावासबाट आयोजित "बदलिंदो संसारमा धर्मराउँदो धर्म के अफिम हो" भन्ने वादविवादमा विपक्षबाट बोल्दै प्रथम स्थान हाँसिल गरेका थिए ।[२५] त्यसैगरी वि.सं. २०३६ साउन १२ गते भएको ९३ औं लेखनाथ जयन्तीका अवसरमा साहित्य सम्मेलन प्रतियोगितामा गद्यतर्फ प्रथम स्थानमा गोविन्दप्रसाद भट्टराईलाई संस्कृत छात्रावासले पुरस्कार प्रदान गरेको थियो ।[२६]

संस्कृत छात्रावासमा रहँदा उनले प्रयागराज राशिष्ट, भूपहरि पौडेल र हरिभक्त न्यौपानेसँगको निकटताले साहित्य सृजना गर्नमा महत्वपूर्ण भूमिका खेलेको थियो ।[२७] समालोचनात्मक लेख, निबन्ध र कविता विधामा कलम चलाउने भट्टराईले सबै रचनाहरू प्रकाशित गर्न पाएनन् तर जे-जति लेखेका छन् । ती सबै महत्वपूर्ण र स्तरीय मानिन्छन् ।

[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] ऐजन ।

यसरी सुरुमा आफ्नै हजुरबुबा र दाजुको प्रेरणा त्यसपछि सहपाठी साथीहरूको सम्पर्कमा उनको साहित्यिक लेखन अगाडि बढेको देखिन्छ । उनको पहिलो सामूहिक कवितासङ्ग्रह 'केही कवि र केही कविता' वि.सं. २०४३ मा प्रकाशित भएको पाइन्छ । त्ययसपछि विभिन्न लेख रचनाहरू प्रकाशित भएका छन् ।

### २.९.२ प्रकाशित पुस्तककार कृतिहरू

गोविन्दप्रसाद भट्टराईले वि.सं. २०४३ देखि विभिन्न कविताहरू लेखे तापनि प्रकाशित पुस्तकका रूपमा हालसम्म 'केही कवि र केही कविता' मात्र देखा परेको छ ।[२८]

### २.९.३ सम्पादन कार्य

नेपाली भाषा र साहित्यको सेवा गर्ने क्रममा गोविन्दप्रसाद भट्टराईले आफू सर्जक र त्यसको प्रकाशक मात्रै नभएर साहित्यिक फाँटमा पत्रिकाको र पाठ्यपुस्तकको समेत सम्पादन गरेका छन् ।[२९] जुन निम्नप्रकार रहेको छ ।

---

[२८] गोविन्दप्रसाद भट्टराई, **'केही कवि केही कविता'** सामूहिक कवितासङ्ग्रह, तुमुल प्रकाशन, काठमाडौं, प्र. सं.२०४३, पृ. १७ ।

[२९] गोविन्दप्रसाद भट्टराईका परिवारसँग गरिएको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

| क्र.सं. | सम्पादित कृतिको नाम | विधा | सम्पादन वर्ष |
|---|---|---|---|
| १. | आरम्भ साप्ताहिक | पत्रिका | २०४८ |
| २. | अहोरात्र साप्ताहिक | पत्रिका | २०४९ |
| ३. | हाम्रो नेपाली किताब कक्षा-६ | पुस्तक | २०५१ |
| ४. | हाम्रो नेपाली किताब कक्षा-८ | पुस्तक | २०५३ |

### २.९.४ साहित्यिक तथा अन्य संघ-संस्थासँग सङलग्नता

गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यका क्षेत्रमा सक्रिय र विगतमा यसको अनुरागी व्यक्ति थिए ।[३०] आफूले सक्दो सेवा र सहयोग गर्न सँधै तत्पर रहने भट्टराईको विभिन्न सामाजिक तथा साहित्यिक संस्थाहरूसँग सङलग्नता रहेको थियो ।[३१] उनी सङलग्न रहेका संघसंस्थाहरूको विवरण निम्नानुसार रहेको छ ।

१. साहित्यिक पत्रकार संघ काठमाडौं, महासचिव

२. सनातन धर्म सेवा समिति गौशाला

३. निःसहाय सेवा सदन मिनभवन, संस्थापक सदस्य

४. निवृत सामुदायिक विकास तथा दिग्दर्शन केन्द्र ललितपुर, संस्थापक महासचिव

५. अनामनगर मैत्री समाज काठमाडौं, संस्थापक महासचिव

---

[३०] ऐजन ।

[३१] ऐजन ।

६.  लयान्स क्लब अफ शान्तिनगर काठमाडौं, सदस्य

७.  मार्ग बहुउद्देशीय कार्य अनुसन्धान समूह, संस्थापक सदस्य

८.  विश्वविद्यालय प्रध्यापक प्राज्ञिक समूह काठमाडौं केन्द्रीय सदस्य

९.  आरम्भ साप्ताहिकका प्रकाशक तथा सम्पादक

१०.  अहोरात्र साप्ताहिकका प्रकाशक तथा सम्पादक

११.  पाठ्यक्रम तथा पाठ्यपुस्तक निरीक्षण विकास केन्द्रमा पाठ्यपुस्तकहरूको सम्पादन तथा परिमार्जन ।

## २.१० सम्मान तथा पुरस्कार

नेपाली साहित्यमा सेवा गरेवापत वा सामाजिक सेवामा सङ्लग्न भए बापत केही पुरस्कारबाट पुरस्कृत पनि भएका गोविन्दप्रसाद भट्टराईले हालसम्म निम्न पुरस्कारहरू प्राप्त गरेका छन् ।

१.  वि.सं. २०३१ सालमा संस्कृत छात्रावासले आयोजना गरेको श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अधिराज्यव्यापी भलिबल प्रतियोगितामा प्रथम पुरस्कारद्वारा सम्मानित ।[३२]

२.  बाल्मीकि क्याम्पसद्वारा सञ्चालित अतिरिक्त क्रियाकलाप प्रतियोगितामा भलिबल खेलमा प्रथम पुरस्कारद्वारा सम्मानित (२०३२)

---

[३२] ऐजन ।

३. वि.सं. २०३३ सालमा बाल्मीकि क्याम्पसद्वारा सञ्चालित भलिबल प्रयोगितामा प्रथम पुरस्कारद्वारा सम्मानित ।[३३]

४. संस्कृत छात्रावासले आयोजना गरेको कविता प्रतियोगितामा पद्यतर्फ प्रथम पुरस्कारद्वारा सम्मानित । (२०३६)

५. ९३ औं लेखनाथ जयन्ती साहित्य सम्मेलन प्रतियोगितामा गद्यतर्फ प्रथम पुरस्कारद्वारा सम्मानित । (२०३६)

६. संस्कृत छात्रावासले आयोजना गरेको वादविवाद प्रतियोगितामा 'बदलिँदो संसारमा धर्मराउँदो धर्म के अफिम हो' भन्ने विपक्षका तर्फबाट बोल्दै प्रथम पुरस्कारद्वारा सम्मानित (२०३०)

७. श्री ५ वीरेन्द्रको ३४ औं शुभजन्मोत्सवको उपलक्ष्यमा पाटन संयुक्त क्याम्पसको आयोजनामा उपत्यकाव्यापी अन्तर क्याम्पस निबन्ध प्रतियोगितामा प्रथम पुरस्कारद्वारा सम्मानित । (२०३४)

८. उपत्यकाव्यापी वक्तृत्वकला प्रतियोगितामा 'विश्वशान्तिको लागि हिन्दू धर्मको योगदान' शीर्षकमा प्रथम पुरस्कारद्वारा सम्मानित । (२०३५ रामनवमी त्रि.वि., कीर्तिपुर) ।[३४]

९. वाल्मीकि क्याम्पसले आयोजना गरेको हाजिरीजवाफ प्रतियोगितामा प्रथम पुरस्कारद्वारा सम्मानित । (२०३२) ।

---

[३३] ऐजन ।

[३४] ऐजन ।

१०. श्री ५ बडामहारानी ऐश्वर्यको ३३ औं शुभजन्मोत्सवको उपलक्ष्यमा 'महिला र समाजकल्याण' विषयमा अधिराज्यव्यापी निबन्ध प्रतियोगितामा प्रथम पुरस्कारद्वारा सम्मानित । (२०३८)

११. लारी स्वर्ण पदक सन् १९७९ ।

१२. महेन्द्र विद्याभूषण पदक २०३८/११/१२ गते ।

# तेस्रो परिच्छेद

## गोविन्दप्रसाद भट्टराईको व्यक्तित्व

### ३.१ शारीरिक व्यक्तित्व

शारीरिक संरचनाका दृष्टिले गोविन्दप्रसाद भट्टराईको बाह्य व्यक्तित्व हँसिलो अनुहार अग्लो कदका र गहुँगोरो वर्णको देखिन्थ्यो ।[1] सरल र मिजासिलो स्वभाव भएका भट्टराई सबै उमेरका र वर्गका व्यक्तिसँग सम्बन्ध राख्ने गर्दथे ।[2] उनी साहित्य रचना गर्नु आत्मसन्तुष्टिका लागि हो भन्दथे । सदैव हाँसिरहने निर्भीक र निश्छल अनुहारले उनको व्यक्तित्वलाई थप उजागर गरेको थियो । आर्थिक हिसाबले मध्यम वर्गीय परिवारका हुनाले उनी सादा जीवन उच्च विचारका धनी थिए । सबैसँगै छिट्टै मिल्न सक्ने मिलनसार व्यक्तित्वका रूपमा उनलाई लिने गरिन्थ्यो ।

नेपाली भाषा, साहित्य र पत्रकारिताको क्षेत्रमा सशक्त कलम चलाएका गोविन्दप्रसाद भट्टराई स्पष्टवक्ता, निडर आत्मीय र सरल व्यवहारका धनी मानिन्थे ।[3] समाजका सबै तह र तप्काका व्यक्तिप्रति नरम र सौहाद्रपूर्ण व्यवहार गर्ने भट्टराई मानवीय भावनाले ओतप्रोत देखिन्थे ।

---

[1] माधव भट्टराईसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

[2] ऐजन ।

[3] ऐजन ।

## ३.२ साहित्यकार व्यक्तित्व

वि.सं. २०३५ साल साउन ७ शनिवारीय परिशिष्टाङ्कमा गारेखापत्रमा प्रकाशित **'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण'** नामको समालोचनाबाट औपचारिक रूपमा नेपाली साहित्यमा देखा परेका गोविन्दप्रसाद भट्टराईको विविध पत्रपत्रिकाहरूमा छरिएर रहेका फुटकर गद्य रचनाहरूको लगभग आधा दर्जन जति प्रकाशित सामग्रीहरू र साहित्यसँग सम्बन्धित सम्पादन कार्यले उनको साहित्यकार व्यक्तित्वलाई प्रष्ट्याउँछ ।[४] गोविन्दप्रसाद भट्टराई वि.सं. २०४३ सालतिर 'केही कवि र केही कविता' सामूहिक कवितासङ्ग्रह मार्फत कविता क्षेत्रमा लागेका थिए । हुनतः संस्कृत छात्रावासमा रहँदा वस्दा हरेक साहित्यिक कार्यक्रममा सहभागी भई विभिन्न साहित्यिक विधामा कलम चलाउँदै प्रथम स्थान हाँसिल गरेका हुँदा त्यतिखेरदेखि नै उनले साहित्य लेख्ने वातावरण प्राप्त गरेका थिए ।

गोविन्दप्रसाद भट्टराईको पत्रकारितातर्फ लेखनको सुरुवात २०४५/४६ सालतिर भएको थियो ।[५] विशेष गरी समाजमा देखा परेका विसङ्गतिको खरो विरोध गर्दै समालोचनात्मक लेख-रचनाहरू उनी लेख्ने गर्दथे ।

---

[४] गोविन्दप्रसाद भट्टराई, **'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण'** गोरखापत्र-वर्ष ७७, साउन ७ शनिवारीय, २०३५, पृ.७ ।

[५] गोविन्दप्रसाद भट्टराईका परिवारसँग गरिएको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

गोविन्दप्रसाद भट्टराईका साहित्यकार व्यक्तित्वलाई निम्नलिखित विविध पाटाहरूका आधारमा अध्ययन गर्न सकिन्छ ।

### ३.२.१ कवि व्यक्तित्व

गोविन्दप्रसाद भट्टराईको मूल व्यक्तित्व भनेको समालोचक व्यक्तित्व हो । वि.सं. २०४३ सालमा 'केही कवि र केही कविता' सामूहिक कवितासङ्ग्रह नै प्रथम प्रकाशित कविता भएको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भए पनि सङ्गृहीत नभएका हुनाले त्यसपछि कविताको पुनः अर्को कृत्ति प्रकाशित भएको देखिंदैन । 'केही कवि र केही कविता' नामक कवितासङ्ग्रहमा जम्मा पाँचवटा कविताहरूका आधारमा गोविन्दप्रसाद भट्टराईलाई समसामयिक कविका रूपमा परिभाषित गर्न सकिन्छ ।[६]

'केही कवि र केही कविता' सङ्ग्रहमा संकलित जम्मा उनका पाँचवटा कविताहरूमध्ये सबैभन्दा सानो कविता 'विस्यौं मलाई किन ?' २० हरफसम्म रहेको छ । त्यसैगरी लामा कविता जम्मा ६६ हरफसम्म रहेको छन् । यहाँ सङ्कलित कविताहरूमा मानवीय मूल्य-मान्यताको खोजी, राजनैतिक विसंगति र विकृतिको भण्डाफोर गर्ने कोशिस गरिएको छ । विश्वमा हराउँदै गएको मानवीय मूल्य र

---

[६] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **'नेपाली कविता भाग-४'**, साझा प्रकाशन, (ललितपुरः २०५४), पृ. १३७ ।

मान्यताप्रति कविको दृष्टिकोण भ्रमित बन्दै गएको देखिन्छ । कविताका माध्यमबाट समाज र पाठकलाई केही सन्देश दिन चाहने भट्टराई कवि व्यत्तित्वबाट आफूलाई चिनाउन सफल भएका छन् ।[७]

प्रजातन्त्रको आगमन हुनुपूर्व देशमा व्याप्त निरङ्कुश शासन, त्यसले जनतामा पारेको प्रतिकूल प्रभाव, जीवनको त्रासदीपूर्ण भोगाइ आदि परिस्थितिमा गुज्रिरहेको तत्कालीन नेपाली परिवेशको यथार्थ चित्रको प्रतिविम्ब उनका कवितामा पाइन्छ । आफ्ना मौलिक हक अधिकारको खोजी गर्दै आफ्ना कवितामा विद्रोहका स्वरहरू र व्यङ्ग्यात्मक अभिव्यक्तिहरू सशक्त रूपमा प्रस्तुत गर्न सक्नु पनि कवि गोविन्दप्रसाद भट्टराईको कवि व्यक्तित्वको धर्म हो ।

### ३.२.२ साहित्येतर व्यक्तित्व

**क) सम्पादक व्यक्तित्व**

गोविन्दप्रसाद भट्टराई साहित्यमा सिर्जनशील तथा स्रष्टा व्यक्तित्वका साथै साहित्यसेवी पनि भएकाले कविता, समालोचना र विभिन्न लेख रचनालाई एकत्रित पारी पुस्तकको सम्पादन गरेका थिए । 'अरुणोदय' नामक पत्रिकाको विभिन्न

[७] मोहन कोइराला, केही कवि केही कविता पुस्तकको भूमिका ।

अङ्कहरूमा उनका लेख-रचनाहरू प्रकाशित भएका छन् ।[८] त्यसैगरी गोविन्दप्रसाद भट्टराई आफैँले वि.सं. २०४८/४९ सालमा 'आरम्भ' र 'अहोरात्र' नामक दुई प्रकारका साप्ताहिक पत्रिका सम्पादन गरेका थिए ।[९] प्रकाशक र सम्पादक भट्टराई आफै थिए । त्यसपछि वि.सं. २०४९ मा 'धर्म सन्देश' नामक विशेषाङ्क पत्रिका र वि.सं. २०५२/५३ मा 'कर्मक्षेत्र' नामको मासिक पत्रिका पनि सम्पादन गरेका थिए । त्यसैगरी साहित्यिक पत्रकार संघको महासचिव समेत बनेका भट्टराईले साहित्यिक पत्रकार संघको आधिकारिक मुखपत्र 'सिर्जना' को वि.सं. २०३९/४० देखि नै सम्पादकको भूमिका निर्वाह गरेका थिए ।

गोविन्दप्रसाद भट्टराईले विद्यालय स्तरका पाठ्यपुस्तक पनि लेखन तथा सम्पादन गरेका थिए । हाम्रो नेपाली किताब कक्षा ६ का लागि निर्धारित पाठ्यपुस्तक (सहलेखन)- श्री ५ को सरकार शिक्षा मन्त्रालय पा.वि.के. (२०५१) । त्यसैगरी कक्षा ८ का लागि हाम्रो नेपाली किताब (सहलेखन) २०५२ ।[१०]

---

[८] गोविन्दप्रसाद भट्टराईका परिवारसँग गरिएको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

[९] ऐजन ।

[१०] ऐजन ।

यसरी साहित्यिक क्रियाकलापका अतिरिक्त साहित्येतर गतिविधिमासमेत सिद्धहस्त प्रतिभाका रूपमा गोविन्दप्रसाद भट्टराईलाई उल्लिखित कार्यले प्रमाणित गरेको छ ।

**ख) व्यापारी-व्यवसायी व्यक्तित्व**

गोविन्दप्रसाद भट्टराईले पारिवारिक जीवन निर्वाह र जीविकोपार्जनका सिलसिलामा निम्नलिखित व्यापार-व्यवसायमा सङलग्न भएका थिए ।

१. ना. १ ख. ८८४६ र ना.१ ख. ८८५५ गरी दुईवटा रात्री बस, माधव भट्टराई र गोविन्दप्रसाद भट्टराईको संयुक्त नाममा उक्त बसहरू सञ्चालित थिए ।[११]

२. विभिन्न पत्र-पत्रिकाको प्रकाशक र सम्पादक भएर काम गर्दा गोविन्दप्रसाद भट्टराईलाई सोचे अनुरूप आर्थिक आम्दानी भएन । 'आरम्भ' र 'अहोरात्र' नामका दुवै साप्ताहिक पत्रिका व्यापारघाटाकै कारण बन्द हुन पुगेका थिए ।

यी माथि उल्लिखित व्यापार-व्यवसायसँग सङलग्न गोविन्दप्रसाद भट्टराईले साहित्य र आफ्नो प्राध्यापन पेशामा बराबर समय खर्चेका थिए । त्यसैले यिनी व्यापार-व्यावसायी व्यक्तित्वका रूपमा परिचित देखिन्छन् ।

---

[११] ध्रुव भट्टराईसँग गरिएको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

### ग) साहित्यिक संघ-संस्थासँग सम्बन्धित व्यक्तित्व

नेपाली भाषा र साहित्यको विकास गर्ने उद्देश्यले गोविन्दप्रसाद भट्टराईले विभिन्न संघ संस्थासँग सङलग्नता राखेका थिए । अनेकौं साहित्य साधक एवं प्रतिभाहरूलाई सहयोग पुऱ्याउन उनी साहित्यिक संघ-संस्थासँग सम्बन्धित भएका थिए । उनी सङलग्न रहेका संघ संस्थाहरूको नाम यस प्रकार छ ।

१. महासचिव, साहित्यिक पत्रकार संघ काठमाडौं ।

२. महासचिव, सनातन धर्म सेवा समिति काठमाडौं ।[१२]

३. संस्थापक सदस्य र सहसचिव, निःसहाय सेवा समाज काठमाडौं ।

४. संस्थापक, महासचिव र निवृत सामुदायिक विकास तथा दिग्दर्शन केन्द्र ललितपुर ।

५. संस्थापक सदस्य (MARG; Multiple Action Research Group) ललितपुर ।

६. संस्थापक महासचिव, अनामनगर मैत्री समाज काठमाडौं ।[१३]

७. सदस्य, लायन्स क्लब अफ शान्तिनगर काठमाडौं ।

८. केन्द्रीय सदस्य, विश्वविद्यालय प्राध्यापक प्राज्ञिक समूह काठमाडौं ।

यसरी विभिन्न सामाजिक पेसागत तथा साहित्यिक संघ-संस्थासँग सम्बन्धित भएका गोविन्दप्रसाद भट्टराई एकजना सक्रिय व्यक्तित्वका रूपमा परिचित थिए ।

---

[१२] गोविन्दप्रसाद भट्टराईका परिवारसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

[१३] ऐजन ।

### घ)   जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तःसम्बन्ध

गोविन्दप्रसाद भट्टराईको पुग नपुग पाँच दशक लामो जीवनावधि सामाजिक, राजनीतिक एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशलाई भोग्दै सामना गर्दै व्यतीत भएको थियो । यिनले यही लामो जीवनभोगाइका क्रममा अनुभव गरेका सरल तथा जटिल परिस्थितिले उनलाई एउटा निश्चित मार्गदर्शन गर्दै लगेको कुरा उनका जीवनी अध्ययनबाट स्पष्ट हुन्छ । नेपाली जनजीवनका विविध परिवेशहरूमध्ये साहित्यिक वातावरणले प्रभावित भट्टराईको जीवनको पहिलो सार साहित्यिक सिर्जना, सेवा र सम्बर्द्धन हो । उनको साहित्यिक परिवेशप्रतिको यही झुकावले उनलाई साहित्यकार व्यक्तित्वका रूपमा प्रस्तुत गरेको छ । साहित्य र साहित्यिक परिवेशप्रतिको सुक्ष्म दृष्टिकोणबाट उनको साहित्य सेवक तथा सामाजिक व्यक्तित्वको निर्माण गरेको छ । उनको जीवनशैलीले निर्माण गरेको सार्वजनिक साहित्यिक व्यक्तितवबाट सिङ्गो साहित्य लेखनमा प्रभाव पारेको देखिन्छ । भावुक र कोमल हृदय भएको हुनाले गोविन्दप्रसाद भट्टराई कवि बनेका छन् भने निर्भीक र स्पष्टवादी विचारधाराले एक सफल पत्रकार र समालोचक बनेका छन् । यिनै व्यक्तित्वका साथै समाजमा देखिएका विकृति, विसङ्गति र उहापोहका कारक तत्वहरूप्रति प्रहार गर्ने समालोचक भट्टराईको व्यक्तित्व स्वतस्फूर्त रूपमा अगाडि बढेको देखिन्छ ।

# चौथो परिच्छेद

## ४.   गोविन्दप्रसाद भट्टराईको साहित्यिक यात्रा

गोविन्दप्रसाद भट्टराईको साहित्य यात्रा वि.सं. २०३५ सालदेखि औपचारिक रूपमा सुरु भएको हो । सानैदेखि केही गर्नुपर्छ भन्ने उत्साह बोकेका भट्टराईले सर्वप्रथम **'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण'** नामको समालोचनात्मक लेखबाट औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । विविध पत्रपत्रिकाहरूमा उनले आफ्ना फुटकर रचनाहरू र तिनको सङ्कलन पनि गरेका छन् । तेईस वर्षको उमेरमा साहित्यिक लेखनको औपचारिक सुरुवात गरेका भट्टराईले दुई दशकभन्दा लामो साहित्ययात्रा पार गरिसकेका थिए । सानैदेखि साहित्य र खेलकूदमा रुचि राख्ने भट्टराईले घरपरिवारको प्रेरणा र सहयोगभन्दा आफ्ना दाजु डा. माधव भट्टराईको साथ-सहयोग तथा साथीभाइको सरसङ्गतले साहित्यप्रतिको रुचि देखाई विद्यार्थीकालदेखि नै कविता लेख्न सुरु गरेका थिए र ती कविता विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् ।[१]

गोविन्दप्रसाद भट्टराईको साहित्य लेखन यात्रालाई अध्ययन गर्दा पुस्तककार कृति र त्यसको प्रकाशन मितिका आधारमा नगरी उनका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचनाहरूको प्रकाशन र तिनको सङ्ग्रहित पुस्तककार कृतिको प्रकाशनमा

---

[१] माधव भट्टराईसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी ।

समायान्तर पाइन्छ । उनका रचनाहरूको अध्ययन, उनको साहित्यिक यात्राको विविध मोड र खुड्किलाहरू चरणगत प्रवृत्तिहरू छुट्याउनका लागि सिङ्गो पुस्तकाकार कृति अथवा सङ्ग्रहका आधारमा नमिल्ने देखिन्छ । त्यसैले उनको साहित्य यात्राको अध्ययन र विभाजन गर्दा फुटकर रूपमा प्रकाशित रचना र तिनको सङ्ग्रहका आधारमा गरिएको हो ।[२]

नेपाली साहित्यका क्षेत्रमा विविध पक्षबाट सेवा गर्दै गोविन्दप्रसाद भट्टराई साहित्य लेखनमा विभिन्न चरण र प्रवृत्तिगत मोडहरू पार गर्दै आएका थिए । मूल रूपमा उनको पहिलो प्रकाशित समालोचनात्मक लेख रचनादेखि हालसम्मको अवधिलाई नै साहित्ययात्रा भनिन्छ । यस अवधिमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर रचनाहरू र तिनको सङ्कलन पुस्तकाकार कृतिहरूको आधारमा नै उनको सिङ्गो साहित्ययात्राको चरण विभाजन र विभिन्न प्रवृत्तिगत मोडहरूको निक्र्यौल गरिन्छ । यस क्रममा उनले पार गरेको यो लामो साहित्यिक साधनाको अवधि समसामयिक कवितामा केन्द्रित कवि व्यक्तित्वको प्रवृत्तिगत घुम्ती तथा मोडहरूको निक्र्यौल, कविताको प्रधानता र न्यूनता आदिको विवेचना र विश्लेषण गर्नु उनको साहित्य यात्राको निरूपण गर्नु हो ।

---

[२] ऐजन ।

साहित्यकारका साहित्य यात्रालाई विभाजन गर्ने केही खास आधारहरू हुन्छन् । साहित्यकारको साहित्यलेखन अवधिभित्र स्पष्टतः देखापर्ने प्रवृत्तिगत विविधता रचना परिमाण तथा गुणस्तर, सक्रिय र निस्क्रिय काल, विधागत प्रधानता, साहित्यिक धारागत प्रवृत्तिको अर्न्तविकास र कृतिगत सङ्ग्रहको प्रकाशनका आधारमा साहित्ययात्राको काल वा चरण विभाजन गरिन्छ । गोविन्दप्रसाद भट्टराईको दुई दशक लामो साहित्ययात्राले पनि विभिन्न घुम्ती र मोड पार गरेको देखिन्छ । साहित्य लेखनको थालनी, फुटकर रचनाको प्रकाशन, साहित्यिक रचनाको परिमाण र गुणस्तर, कवितात्मक प्रधानका आधारमा उनका साहित्यिक यात्राका विविध मोडहरू देखिन्छन् । यिनै आधारमा गोविन्दप्रसाद भट्टराईको दुई दशकभन्दा लामो साहित्ययात्राका दुई चरणहरू देखिन्छन् । ती दुई चरणहरू यस प्रकार छन्:

## ४.१ **पहिलो चरण** (२०३५-२०५१)

विद्यार्थी जीवनदेखि नै साहित्य पढ्न र लेख्न रुचि राख्ने गोविन्दप्रसाद भट्टराईको २०३५ सालको गोरखापत्रमा 'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण' नामक समालोचनात्मक लेख प्रकाशित भएपछि साहित्ययात्राको प्रारम्भ भएको हो । यसपछि अरुणोदय, मदानी, प्रवेश, रत्नश्री र उन्नयन नामका पत्रपत्रिकाहरूमा विभिन्न रचनात्मक साहित्यिक कृतिहरूलाई प्रकाशित गरेका थिए । सुरुमा समालोचक त्यसपछि पुनः कवि र पत्रकारका रूपमा चिनिंदै भट्टराईले वि.सं.

२०४३ सालमा आएर 'केही कविः केही कविता' नामक सामूहिक कवितासङ्ग्रह प्रकाशित गरेका छन् । पुस्तकाकार सङ्ग्रहको प्रकाशन साहित्य यात्राको उत्तरार्धतिर भए पनि तीनधारा संस्कृत पाठशालामा रहँदा बस्दादेखि नै उनले कविता कृतिहरू रचना गरेका थिए ।

प्रारम्भमा समालोचकका रूपमा साहित्ययात्राको थालनी गरेका भट्टराईले सङ्ख्यात्मक रूपमा प्रशस्त रचना नगरे पनि गुणात्मक रूपले उनका कविता र लेख रचनाहरू उल्लेखनीय रहको छन् । समाजिक संघ-संस्थासँग पनि सङलग्न रहेका भट्टराईले साहित्यिक पत्रकार संघको महासचिव भई 'सिर्जना' नामको पत्रिकामा आफ्ना गहन लेख-रचनाहरू प्रकाशित गरेका थिए ।

वि.सं. २०३५ देखि २०५३ सालसम्मको अवधिमा बढी समय उनको साहित्ययात्राको पहिलो चरण मानिएको छ । सर्वप्रथम समालोचनात्मक लेखबाट आफ्नो साहित्ययात्रा सुरु गरेका भट्टराईले यसै अवधिभित्र कविता र साहित्यिक पत्रिकाको सम्पादनसमेत गरेका थिए । उनका रचनाहरू छोटा, चोटिला र व्याङ्ग्यात्मक रहेका छन् ।

'केही कविः केही कविता' नामक सामूहिक कवितासङ्ग्रह भित्रका कविताहरू संरचनात्मक आयामका दृष्टिले मध्यम आकारका छन् । यिनमा राजनीतिक सचेतना, मानवतावाद तथा प्रकृतिचित्रणगत चिन्तन जस्ता विषयवस्तु पाइन्छन् । उनले विशेष गरी राजनीतिक संचेतन विषयवस्तु अन्तर्गत देशमा २०४६ सालको प्रजातन्त्रको आगमनभन्दा पूर्वको निरङ्कुश पञ्चायती व्यवस्था र उक्त व्यवस्थाले जनताको मौलिक हक, अधिकार माथि पारेको कुठाराघात, निराशा र आक्रोशलाई प्रस्तुत गरेका छन् । उनका कविताहरूमा नारी र पुरुषको सह-अस्तित्वपूर्ण चाहना, उत्कष्ट प्रकृति प्रेमजस्ता प्रवृत्तिहरू देखा परेका छन् ।

गोविन्दप्रसाद भट्टराईको पहिलो चरण तीनधारा संस्कृत छात्रावासको बसाइ, साथीभाइसँगको रहनसहन तथा प्रतियोगितात्मक प्रतिस्पर्धानै कविप्रौढोक्ति कारक रूप बनेर देखा परेका छन् । यस प्रारम्भिक चरणमा समकालीन साथीहरू भूपहरि पौडेल, पुरुषोतम दाहाल, कलानिधि दाहाल, राधेश्याम भट्टराई, केशव गौतम, यज्ञनिधि दाहाल, हरिभक्त न्यौपाने र मुकुन्दशरण उपाध्याय तथा दाजु डा. माधव भट्टराईको पारिवारिक वातावरण आदिबाट प्रेरणा र प्रभाव लिएको देखिन्छ ।

यस अवधिको प्रथम प्रकाशित संयुक्त मौलिक पुस्तकाकार कृति 'केही कविः केही कविता' भित्र यिनको पद्य र गद्य गरी ५ वटा कविताहरू सङ्कलित छन् ।

यसमा प्रजातन्त्र आगमन हुनुभन्दा अगाडिको देशको दुरावस्थाहरूको चित्रण पाइन्छ । यो कवितामा स्वार्थी मानिसका खराब प्रवृत्ति माथि व्यङ्ग्य गर्दै असल अनि स्वस्थ समाजको स्थापना गर्न चाहेको कुरा अभिव्यक्त भएको छ । यस प्रकार पहिलो चरणमा गोविन्दप्रसाद भट्टराईको कवि व्यक्तित्व स्पष्ट रूपमा झल्किएको देखिन्छ । उनको यस चरणको प्रमुख उपलब्धि 'केही कविः केही कविता' सामूहिक कवितासङ्ग्रह नै हो ।

## ४.२ **दोस्रो चरण** (**२०५१ देखि २०५९ सम्म**)

गोविन्दप्रसाद भट्टराईको साहित्ययात्राको दोस्रो चरण वि.सं. २०५१ सालबाट सुरु भएको थियो । उनले यस चरणमा आएर विभिन्न पाठ्यपुस्तक र पत्रपत्रिकाको सम्पादन गरेका छन् । यस चरणमा मूलतः उनलाई कवि व्यक्तित्वबाट अलग राखी एक कुशल सम्पादक, समालोचक र पत्रकारका रूपमा चिनाइएको छ । पहिलो चरणमा उत्साहित बनेका भट्टराई दोस्रो चरणमा आएर राजनैतिक विसङ्गति, प्रजातन्त्रलाई सत्ताधारी भ्रष्ट नेताले आफू खुसी व्यवहार गर्दा उब्जिएको चौतर्फी सङ्कटावस्थाका विकृतिहरूलाई उनका साहित्यिक रचनाले चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । वि.सं. २०५० पौष महिनामा 'कर्म क्षेत्र' नामको मासिक पत्रिका विभिन्न साथीहरूको सहयोगमा प्रकाशनसमेत गोविन्दप्रसाद भट्टराईले गरेका थिए । यो पत्रिकाको प्रकाशन २०३९/४० सालदेखि नै भएको थियो । त्यसै गरी 'समीक्षा

शोधमर्म' नामको जर्नल विशेष पत्रिकामा **'साहित्यकार लैनसिंह बाङदेलको योगदानका तीन क्षेत्र'** शीर्षकको समालोचनात्मक लेख पनि वि.सं. २०५० चैत्र महिनामा प्रकाशित भएको पाइन्छ ।[३] त्यसैगरी वि.सं. २०४८/४९ देखि नै गोविन्दप्रसाद भट्टराईले सम्पादक तथा प्रकाशक भई **'अहोरात्र'** र **'आरम्भ'** नामका दुईवटा साप्ताहिक पत्रिकाको प्रकाशन समेत गरेका थिए । सुरुमा राजनीतिक कुराहरू प्रति चासो देखाए पनि यस चरणमा राष्ट्र-राष्ट्रियता र जनचाहना विपरीत हुने राजनीतिक चलखेल र राजनैतिक अस्थिरताको खुलेर विरोध तथा भण्डाफोर गर्नेतर्फ लागेको देखिन्छ । 'उन्नयन' नामक पत्रिकामा वि.सं. २०५० मा 'नेपाली साहित्यमा हास्यव्यङ्ग्यको सन्दर्भ तथा पिंडाली र अर्यालको तुलनात्मक लेखाजोखा' नामक समालोचनात्मक लेख प्रकाशित भएको पाइन्छ । त्यसरी नै 'रत्नश्री त्रैमासिक पत्रिकामा पुलिङ्गको विपक्षमा' (वक्र लेख) भन्ने लेख-रचना वि.सं. २०५० सालमा नै प्रकाशित भएको पाइन्छ ।[४] वि.सं. २०५१ सालमा हाम्रो नेपाली किताब कक्षा ६ का लागि निर्धारित पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको थियो । वि.सं. २०५३ सालमा गोविन्दप्रसाद भट्टराईले कक्षा ८ का लागि हाम्रो नेपाली किताब (सहलेखन) समेत लेखन तथा सम्पादन गरेका थिए ।

---

[३] ऐजन ।

[४] गोविन्दप्रसाद भट्टराई, **पुलिङ्गको विपक्षमा (बक्र लेख)** रत्नश्री द्वैमासिक, वर्ष-३०, अङ्क ५, पूर्णाङ्क १५५, २०५०, पृ. २७ ।

यस वि.सं. २०३६ देखि प्राध्यापन पेसामा सङलग्न रहँदै विविध साहित्यिक गतिविधिमा सक्रिय रहेका भट्टराई उमेर तथा कार्यानुभवले परिपक्व हुँदै गएको पाइन्छ । एक कुशल पत्रकार, सम्पादक, समालोचक, समाजसेवी तथा लेखकका रूपमा यस चरणमा उनको व्यक्तित्व चिर-परिचित भएको पाइन्छ ।

गोविन्दप्रसाद भट्टराईको साढे दुई दशक लामो साहित्ययात्राको अध्ययन गर्दा दुई चरणमा विभाजित रहेको देखिन्छ । विषयवस्तुगत दृष्टिले पहिलो चरणमा राष्ट्र-राष्ट्रियता, तत्कालीन राजनैतिक परिस्थिति, मानवतावाद, प्रकृति चित्रण चेतना पाइन्छ भने दोस्रो चरणमा राजनीतिबाट टाढा, व्यक्तिगत सोचाइ, मौलिक दृष्टिकोण, बुद्धिमतापूर्ण सोच र सचेतता अँगालिएका छन् । दोस्रो चरणमा परिमाणात्मक भन्दा गुणात्मक लेख रचना लेखिएको पाइन्छ । समग्रमा भन्नुपर्दा पहिलो चरणमा कविता, लेख-रचना र समालोचनात्मक कृतिले प्रतिनिधित्व गरेको छ भने दोस्रो चरणमा बहुआयामिक व्यक्तित्व जस्तै पत्रकार सम्पादक, समाजसेवी, लेखक र समालोचकका रूपमा परिभाषित गरेको छ । यसरी पहिलो चरणमा 'केही कविः केही कविता' र दोस्रो चरणमा पाठ्यपुस्तक लेखन नै पुस्तकाकार कृतिहरूका रूपमा सिङ्गो साहित्ययात्राका महत्वपूर्ण उपलब्धि देखिन्छन् ।

## ४.३ गोविन्दप्रसाद भट्टराईको साहित्य लेखन

### ४.३.१ विधागत सङ्लग्नताको स्थिति

साहित्यकार गोविन्दप्रसाद भट्टराईको साहित्य लेखनलाई विधागत रुपले यसरी वर्गीकरण गर्न सकिन्छ ।

### ४.३.२ कविताका क्षेत्रमा

गोविन्दप्रसाद भट्टराईले नेपाली कविता विधाको क्षेत्रमा दिएको योगदान उल्लेखनीय र महत्वपूर्ण मानिन्छ । उनले पद्य र गद्य दुवै किसिमका कविता लेखेका छन् । पद्यात्मक कवितामा पनि कवि इश्वरभक्ति र राजभक्ति जस्ता कुराको गुणगान गाउने कुरामा सीमित नरही एक कदम माथि उठ्दै आफ्नै घर-गाउँ, उकाली र ओरालीका भाकालाई कवितामार्फत प्रतिबिम्बित गर्न पुगेका छन् । कविले देश, काल, परिवेश र तत्कालीन परिस्थितिको लेखाजोखा गर्दै आफ्ना कृतिमार्फत समाजलाई सही मार्गदर्शनको खाँचो रहेको कुरालाई पनि कवितामा उल्लेख गरेका छन् । गोविन्दप्रसाद भट्टराईले लेखेका कविताहरूले समग्र जीवन दर्शन र पहाडी जीवनको यथार्थतालाई समेटेका पाइन्छन् ।

शान्ति, मानवता र देशप्रेमका कुराहरू कविले हरेक कविताका हरफहरूमा समहित गरेका छन् । प्रकृति प्रेम र मानवीय आदर्शलाई कविताको केन्द्रविन्दु

बनाउँदै कविले राष्ट्रिय अस्तित्वलाई जोगाउनु पर्छ भन्ने प्रण गरेका छन् । हिमालका घामदेखि प्रशान्त सागरका पानीसम्म र धर्तीको एक छेउदेखि अर्को किनारासम्मका भू-स्थिति र भू-बनोटको सीमारेखा उनका कवितामा अङ्कित भएका छन् । भ्रष्ट राजनीतिज्ञले देशको राष्ट्रिय सम्पति हिनामिना गरेका र देश खोक्रो पारेको कुरालाई उनका कवितामा सशक्त रुपले उठाइएको छ ।

समाजको गलत संस्कार र अन्धविश्वासलाई जबसम्म हटाउन सकिँदैन तबसम्म त्यस समाजको उन्नति र प्रगति हुन नसक्ने कुराप्रति उनका कविताले चेतना भरिदिएका छन् । युगौंदेखि सामन्ती प्रथाले जकडिएको नेपाल र नेपाली समाजको यथार्थ चित्रण गर्दै कविले वर्तमान युगमा ती संस्कार र चालचलनको विद्रोह गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

उनको कवित्वको केन्द्रीय भाव मानवीय क्रियाकलापबाट सिर्जित राम्रा नराम्रा पक्षको उद्घाटन गर्नु, मानवतावादी स्वर र देशप्रेमको महिमा गराउनु रहेको छ ।

### ४.३.३ समालोचनाका क्षेत्रमा

गोविन्दप्रसाद भट्टराई एक समालोचक पनि हुन् । उनले नेपाली साहित्यमा प्रभावपरक समालोचनाको क्षेत्रलाई अवलम्बन गर्दै समालोचनाहरू लेखेका छन् ।

गोविन्दप्रसाद भट्टराई वि.सं. २०३५ सालमा **'आधुनिक नेपाली नाटकमा पाश्चत्य प्रभावको विश्लेषण'** नामक समालोचनाबाट यस क्षेत्रमा सर्वप्रथम देखा परेका थिए। साहित्यलाई सुक्ष्म परिवेशबाट निल्यार्दै गुण र दोष दुवैको समुचित प्रयोग उनले गरेका छन्। उनको समालोचक प्रति हेर्ने देष्टिकोण स्पष्ट, निर्भीक र मार्गदर्शकपूर्ण रहेको छ। समालोचक रामकृष्ण शर्माको समालोचनात्मक मान्यता र मूल्याङ्कनमा पनि समालोचक भट्टराईले समालोचकमा हुनुपर्ने आवश्यक गुणहरूको पुष्टि गरेका छन्। त्यसैगरी कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथागत प्रवृत्तिहरूलाई पनि समालोचकीय सिद्धान्तकै आधारमा समालोचक गोविन्दप्रसाद भट्टराईले विवेचना गरेका छन्। कुनै पनि कृति र कृतिकारको समालोचना गर्न त्यसको भित्री गहिराइसम्म पुग्न आवश्यक हुन्छ। गोविन्दप्रुसाद भट्टराईको व्यक्तित्वलाई समालोचनाको क्षेत्रले केही हदसम्म फराकिलो पार्न मद्दत गरेको छ। तार्किक एवम् विश्लेषणात्मक रुपमा समालोचना गर्नु भट्टराईको विशेषता हो। वास्तवमा समालोचना प्रणालीलाई दोष र गुण दुवैका आधारमा विरेचन गरिनुपर्छ भन्ने धारणा उनको रहेको पाइन्छ। राजनीतिबाट टाढा रहँदै मौलिक र वैचारिक सोचका साथ समालोचनामा खरो रुपमा देखापरेका भट्टराई समाज सुधारको भावना व्यक्त गर्छन। समाजलाई सन्देशमूलक ज्ञान र सिर्जनाका लागि सही समालोचनाको आवश्यकता रहेको हुन्छ। **'राष्ट्रनिर्माता खण्डकाव्य एक छलफल'** शीर्षक समालोचनामा

गोविन्दप्रपाद भट्टराईले राष्ट्रकवि माधव घिमिरेले तयार पार्नुभएको खण्डकाव्यको मूल धर्ममा ठेस नपुऱ्याई वैचारिक र तार्किक अभिमत जाहेर गरेका छन् ।

**'माइतघर एक विवेचना'** शीर्षकमा समालोचक भट्टराईले उपन्यासकार लैनसिंह वाङ्देलको उपन्यासकारिता र उपन्यासको विहङ्गम दृष्टिलाई समानुपातिक ढङ्गले व्याख्या एवम् विश्लेषण गरेका छन् । समालोचक भट्टराई नेपाली समालोचना क्षेत्रमा ठोस प्रमाण जुटाएर निर्भीक र स्पष्टवादी समालोचनातपर्फ उन्मुख रहेको पाइन्छ । कथाकार, जीवनीकार, कवि, नाटककार, हास्यव्यङ्ग्यकार, उपन्यासकार र समालोचक सम्पूर्णलाई समालोचनात्मक रुपमा भट्टराईले परिभाषित गर्न खोजेका छन् । साहित्यकार समाजको दर्पण हो । तसर्थ समाजमा घटेका घटनालाई वास्तविक रुपमा उतार्न सक्नु उसको मूल धर्म हो । गोविन्दप्रसाद भट्टराईले समालोचनाका सबै क्षेत्र कथा, कविता, नाटक र उपन्यास आदिमा समानुपातिक रुपले कलम चलाएका छन् ।

### ४.३.४ पुस्तक लेखनका क्षेत्रमा

साहित्यकार गोविन्दप्रसाद भट्टराईले विद्यालय स्तरीय पाठ्यपुस्तकको पनि लेखन तथा सम्पादन गरेका थिए । उनले श्री ५ को सरकारद्वारा निर्धारित कक्षा ६ र ८ का लागि **'हाम्रो नेपाली किताब'** पुस्तकको लेखन र सम्पादनसमेत गरेका थिए ।

पुरानो पाठ्यपुस्तकमा भएका भद्दा र काम नलाग्ने पाठहरूलाई हटाएर नयाँ र शिक्षाप्रद खाल्का विषयवस्तुहरू उक्त पुस्तकहरूमा राखिएको थियो । सुरुमा परीक्षणका रुपमा ती पुस्तकहरू प्रयोग गरिए पनि राम्रा तथा स्तरीय भएका कारणले पुनः परिमार्जित भई पूर्ण रुपले पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको थियो । पाठ्यक्रम विकास केन्द्रको पाठ्यक्रम पाठ्यपुस्तक शाखामा नेपाली भाषाको सहायक विज्ञका रुपमा पनि वि.सं. २०३८ सालदेखि नै कार्यानुभव बटुलेका भट्टराई एक सफल लेखकका रुपमा परिचित थिए ।

### ४.३.५ पत्रपत्रिका प्रकाशनका क्षेत्रमा

गोविन्दप्रसाद भट्टराईले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन तथा प्रकाशन वि.सं. २०३९/४० सालदेखि नै गरेका थिए । वि.सं. २०४८/४९ मा आएर उनले **'अहोरात्र'** र **'आरम्भ'** नामका दुईवटा साप्ताहिक पत्रिकाको प्रकाशन समेत गरेका थिए । सुरुमा राजनीतिक विचारलाई समेटेर विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेपनि पछि आएर धार्मिक, सांस्कृतिक र बौद्धिक पत्रपत्रिकाहरूको सम्पादनमा उनी व्यस्त देखिन्छन् । समाजसेवा र साहित्य लेखन दुवैलाई एकैसाथ बढाउने भट्टराईले साहित्यिक पत्रकार संघको महासचिव भई **'सिर्जना'** नामको पत्रिकामा आफ्ना गहन लेख रचना प्रकाशित गरेका थिए । प्रध्यापन पेसालाई निरन्तरता दिँदै सक्रिय पत्रकारिताको धर्मलाई पनि उनले आत्मसात् गरेको पाइन्छ । साहित्य लेखनको

थालनीदेखि नै गुणस्तरीय र समाजसापेक्ष साहित्यिक पत्रिकाको सम्पादनमा उनी सङ्लग्न देखिन्छन् । उनको जीवनले अनेक मोड लिए पनि पत्रपत्रिकाको सम्पादनमा उनी क्रियाशील नै रहेका थिए । धर्म सन्देश, कर्म क्षेत्र, अहोरात्र र आरम्भ जस्ता पत्रिकाको सम्पादन स्वयम आफैले गरेका हुँदा व्यापार घाटा लागेपनि प्रकाशनलाई निरन्तरता दिइरहेका थिए । अन्त्यमा बिरामीका कारण उनले सबै कुराबाट हात धुनु परेको थियो ।

यसरी साहित्यका विविध क्षेत्रलाई एकै साथ अगाडि बढाउन सफल गोविन्दप्रसाद भट्टराईको साहित्य लेखन प्रशंसनीय, उल्लेखनीय र महत्वपूर्ण रहेको मानिन्छ ।

# पाँचौं परिच्छेद

## गोविन्दप्रसाद भट्टराईका कृतिहरूको विश्लेषण

**'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण'** शीर्षकको समालोचनात्मक लेखबाट वि.सं. २०३५ मा नेपाली साहित्यमा देखा परेर आफ्नो साहित्यिक यात्रा सुरु गरेका गोविन्दप्रसाद भट्टराईका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर साहित्यिक रचनाहरू प्रकाशित भएका छन् । उनले वि.सं. २०४३ सालमा आएर 'केही कविः केही कविता' नामको कवितासङ्ग्रह प्रकाशित गरेका छन् । अब यहाँ शीर्षक संरचना, विषयवस्तु, भाव , लय , विम्ब-प्रतीक, भाषाशैली आदिका आधारमा यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूका अतिरिक्त अन्य फुटकर रचनाहरूको अध्ययन विश्लेषण गरिन्छ ।

## ५.१ 'केही कवि केही कविता' कवितासङ्ग्रहको विश्लेषण

'केही कवि केही कविता' २०४३ सालमा प्रकाशित कवि गोविन्दप्रसाद भट्टराईका कविता र अन्य कविका कविताहरू सङ्कलन गरिएको सामूहिक कवितासङ्ग्रह हो ।

यस सङ्ग्रहमा सङ्कलित ४८ वटा कवितामध्ये ५ वटा कविताहरू कवि गोविन्दप्रसाद भट्टराईद्वारा रचिएका छन् ।जुन यस प्रकार छन्- '**विर्स्यौ मलाई किन**?', '**मेरो वस्तीः नेपाली वस्ती**', '**जिउँदैमा तार्ने पुल, मान्छे**' । '**लाइसेन्स**', र '**युग प्रश्न**' ।

## ५.१.१ शीर्षक संरचना

कुनैपनि सङ्ग्रह तथा रचनाको संरचना भन्नाले त्यसको बनावट अथवा आकार भन्ने बुझिन्छ ।[1] सिङ्गो सङ्ग्रहदेखि लिएर रचनाहरूको बनावट तथा निर्मिति भनेकै संरचना हो । यस कवितासङ्ग्रहको संरचना भन्नाले यसमा सङ्गृहीत कविताहरू र यिनैबाट निर्मित सिङ्गो सङ्ग्रहको आकार भन्ने बुझिन्छ । यस सङ्ग्रहमा लामा-छोटा गरी जम्मा ५ वटा कविताहरू कवि गोविन्दप्रसाद भट्टराईद्वारा रचना गरिएका छन् । यी मध्ये २० हरफको कविता '**विर्स्यौ मलाई किन** ?' (पृ. १७) कवितादेखि लिएर ६६ हरफको कविता '**युग प्रश्न**' (पृ. २५) र ४२ देखि ४४ हरफका मध्यम स्तरका कविताहरू रहेका छन् ।

'केही कवि केही कविता' कवितासङ्ग्रह छोटादेखि लिएर केही मध्यम आकारका कविताहरूको सङ्ग्रह भएकोले संरचनाको दृष्टिले मध्यम आकारको कवितासङ्ग्रह हो ।

---

[1] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १७ ।

### ५.१.२ विषयवस्तु

यस कवितासङ्ग्रहका कविताहरूमा विषयवस्तुगत विविधता पाइन्छ । यी कविताहरूमा सामाजिक, आर्थिक, नारी संचेतना, राष्ट्र र राष्ट्रियता, मानवतावाद र जिजीविषा जस्ता जीवनका विविध पक्ष कविताको विषयवस्तुको रूपमा प्रस्तुत भएको छ । यी विभिन्न विषयवस्तुलाई सोदाहरण तल प्रस्तुत गरिन्छ ।[२]

**क) सामाजिक चेत**

गोविन्दप्रसाद भट्टराईका कवितामा सामाजिक जागरण र मानवीय संवेदनाका विविध पक्षका बारेमा वर्णन गरिएको पाइन्छ । पौराणिक मान्यतालाई परिवर्तन गर्ने निहुँमा परम्परालाई नै बिर्सिएर समाजको नियम तोड्नु हुँदैन भन्ने उनका कविताको मूल संदेश रहको छ । उनका कवितामा विसङ्गतिपूर्ण परिवेशका विरुद्धको सामाजिक चेत तथा समाजमा खुट्टा तान्ने प्रवृत्तिले कति मानिस मानिसद्वारा नै कति शोषित छन् भन्ने कुरा देखाइएको छ । यी यथार्थ परिवेशलाई सामाजिक परिवर्तन र वैयक्तिक सचेतताका साथ अगाडि बढ्नुपर्छ भन्ने कुरा उनका कविताहरूले प्रष्ट पारेका छन् । यस कुरालाई निम्नलिखित हरफहरूले स्पष्ट पारेका छन् ।

तपाईँलाई मान्छे भएर हिँड्ने 'लाइसेन्स' अवश्य दिइनेछ
हाम्रो विधानको बाध्यता पनि त बुझिदिनु पऱ्यो तपाईँले,

---

[२] ऐजन ।

धारा ......... उपाधारा दफ....उप-दफा...... हरमा

विभाजित छौं हामीहरू;

यहाँ कस्ता-कस्ता सृष्टि-देवताहरू

विवेक-वीर र युधिष्ठिरहरू, नजिन्मएका पनि त होइनन्,

तर, तिनलाई पनि हामीले

यिनैधारा र उप-धारा, दफा र उप-दफाका माखे-साङ्लीहरूले,

अहा, क्या मज्जासित ठिङ्गुरा हाल्यौं-

-तिनले न लागेको कुरा पोख्न सके,

-तिनले न सोचेको कुरा लेख्न सके;

यसै-यसै गरी अब हामी एक्काइसौं शताब्दी पो हुन खोजिरहेछौं !!

(मान्छे/लाइसेन्स, पृ २४)

यसरी, जिउँदैमा धेरैलाई तार्ने पुल .........

मरेपछि पनि यसले कतिलाई तार्छ भन्ने विश्वासमा,

-धनबहादुरका छिमेकी, -हर्कबहादुरका संधियार,

-रामबहादुरका सहोदर भाइहरू

गल्ली-गल्छेडा हुँदी अझै पनि,

मौन-मौन कुरा गरी हिँडेको जहीँ-तहीँ सुन्ने गरिन्छ !!

(जिउँदैमा तार्नेपुल पृ. २२)

## ख) नारी संचेतना

कवि गोविन्दप्रसाद भट्टराईले आफ्ना कविताहरूमा नारीलाई सौहार्द्रतापूर्वक स्मरण गरेका छन् ।[३] नारी मनका आन्तरिक बेदना र चुलबुले बैँसलाई उनले कवितामार्फत व्यक्त गरेका छन् । नारीहरूलाई सम्मान र आदरका साथ हेर्नुपर्छ भन्ने मान्यतालाई उनका कविताहरूले सहर्ष स्वीकारेका छन् । यस प्रकारको अभिव्यक्ति यी हरफहरूबाट बुझ्न सकिन्छ ।

वासन्ती मृदु-पालुवा-अधरमा मुस्कान छाडीकन,
यौटा रम्य-सुदूरको क्षितिजमा आशा जगाईकन,
आफ्नो चुलबुल बैंसको हृदयमा चाञ्चल्य डाकीकन,
पोखिन्थ्यौ मुटुभित्र-भित्र अहिले बिर्स्यौं मलाई किन ?

(विर्स्यौं मलाई किन? पृ. १७)

## ग) राष्ट्रप्रेम

देशभक्तिको भावनाले मात्र कवि वा साहित्यकार आफ्ना कृतिलाई चिनाउन सफल हुन्छ । गोविन्दप्रसाद भट्टराई पनि आफू हुर्केको समाज र देशको मायालाई

[३] ऐजन ।

मुटुभरि सँगाल्दै आफ्ना कवितामार्फत ती भावनाहरूलाई उजागर गर्न तम्सिएका देखिन्छन् । राष्ट्रप्रेमका कुरा गर्दा आफ्नै गाउँबेँसी, उकाली र ओरालीलाई कविले सम्झेका छन् । आफ्नो गाउँघरको माया अपार हुँदाहुँदै पनि एक छाक पिठोको खोजीमा भौतारिँदा परदेशी मन आफ्नै गाउँको मायामा बल्झिरहेछ भन्ने सन्देश तलका उद्धरणबाट देखाउन सकिन्छः

धानका स-साना भकारी

मकैका थाङ्ग्रा र मौरीका घारहरू,

गाई-गोठ, ढिकी-जाँता र कुटा-कोदालाहरू;

धानका बाला र कोदाका कपनीहरू,

शिशिर-बसन्तका अगणित घुम्तीमा

सृष्टि-लहरजस्ता किशोर-किशोरी, युवा-युवति र बुढा-बुढीहरू

शान्ति-मानवता र प्रेम छरिएको मेरो बस्तीः नेपाली बस्ती ।

(मेरो बस्तीः नेपाली बस्ती पृ २०)

पैल्हो झल्मल-सूर्यरश्मि-रङमा विश्रान्त छाया बनी,

छोटो जीवनको अथाह-रहमा एकान्त माया बनी,

आयौ हे नव-सृष्टिकी सहचरी ! बाटो विराईकन,

आर्कै दिव्य-सुवासमा भुलि यहाँ-विर्स्यौ मलाई किन ?

(विर्स्यौ मलाई किन ? पृष्ठ १७)

## घ) राजनीतिक संचेतना

युगौं देखि जकडिएको नेपाल र नेपाली समाजको अन्धविश्वास, कुरीति र राजनीतिक कुसंस्कारको घोर निन्दा गर्दै सचेत र जागरुक हुन सम्पूर्णलाई कवि भट्टराईले आफ्ना कविता मार्फत उद्घोष गरेका छन् । हुन पनि हाम्रो समाजमा खुट्टा तान्ने प्रवृत्ति र शोषकले शोषितमाथि गरेका दुर्व्यवहारको पर्दाफास गर्नुपर्ने देखिन्छ । जबसम्म गलत संस्कारले समाजमा जरो गाडिरहन्छ तबसम्म त्यस समाजको उन्नति र प्रगति हुन नसक्ने भएकाले यसप्रति बेलैमा सजग र सचेत रहन कवि भट्टराईले आव्ह्वान गरेका छन् ।

एउटै बजेटबाट धेरै धेरैको विकास हुन सकेको पुल
एउटै 'पुल' बजेटबाट विनियोजित रकमहरू
-कहीं घर बनाउनमा र कार कुदाउनमा,
- कहीँ जेट उडाउनमा र बोतल फुटाउनमा,
- कहीँ भोज र मोज जुटाउनमा
- कहीँ-कतै राष्ट्रको अस्तित्व नै लुटाउनमा
रकमान्तर गरिएको छ-भनिन्छ, नपत्यार इः हेर्नोस्-
यो अडिटको प्रतिवेदन पनि त,
कति दुरुस्त र कति खुलस्त छ !!

(जिउँदैमा तार्ने पुल पृ. २२)

हिमालका घामदेखि प्रशान्त-सागरका पानीसम्म,
धर्तीका यस छेउदेखि त्यस किनारासम्म,
तैंले कहिले भु-स्थिति बदल्दै रेखाहरू सजाइस्,
कहिले नीति र राजनीतिका भ्वाङ् र भड्खालाहरू बनाइस्,
कहिले क्रान्ति र क्रन्दनका ध्वाँसाहरू पोतिस्,
कहिले शान्ति र सम्झौताका गाथाहरू फलाकिस्;

(युग प्रश्न पृ. २५)

## ङ) मानवतावाद

कवि गोविन्दप्रसाद भट्टराईले उनका कवितामा मानवतावादी स्वर ठाउँ-ठाउँमा प्रतीकात्मक शैलीमा उरालेका छन भने कतै मानवीय प्रेमप्रति उदासिनता पनि उत्तिकै सशक्त रूपमा व्यक्त गरेका छन् । मानव मनलाई कहीँ कतैबाट चोट पर्दा विरक्तिएर मानिसको नै विरोधी बन्न पुगेका कवि आफ्नो परिचयसँग सबैको परिचय गराउने तर्फ लागेको देखिन्छन् । सरल, सरस र नरम बोलीको मानवताको भाकालाई कविले अभिव्यञ्जित गरेका छन् ।

ए हजुर, बुझ्नुभयो ?
तपाईंलाई यसर्थ, मैले मान्छे भन्न हिचकिचाइरहेको छुँ

पछाडिबाट हेर्दा दुई, अगाडिबाट हेर्दा दुई
तपाईँका यी दुई-दुई जोडर बनेका चारखुट्टाहरू,
मात्र दुई हुन् वा फगत दुई हुन्,
जाँच-पासपछि मात्र,
तपाईँले मान्छेको लाइसेन्स पाउनु हुनेछ ।

(मान्छे/लाइसेन्स पृ. २३)

यौटा सिर्जनमा विशाल-दिलको आशा रसाई दियौ,
बोलीभित्र कता-कता सरसिलो भाका सुसाई दियौ,
हामी एक भएर लेक दगुरी साटेर आफ्नो मन,
बाँधिन्थ्यौं कवि-कुञ्जमा नि निठुरी ! विर्स्यौं मलाई किन ?

(विर्स्यौं मलाई किन ? पृ. १७-१८)

### ५.१.३ भावविधान

'केही कवि केही कविता' कवितासङ्ग्रहमा कवि गोविन्दप्रसाद भट्टराईले सामाजिक एवम् राष्ट्रिय क्षेत्रमा मानव मूल्यको खोजी गरेका छन् ।[४] कविद्वारा मानव निर्मित अव्यवस्थित तथा अनियमित परिपाटीप्रति प्रहार गर्ने र मानव सुलभ प्रवृत्तिप्रति सकारात्मक दृष्टि पुऱ्याउने काम कलात्मक रूपमा भएको छ । उनको

---

४

कवित्वको केन्द्रीय भाव यही मानवीय क्रियाकलापबाट सिर्जित राम्रा-नराम्रा पक्षको उद्घाटन गर्नु, मानवतावादी स्वर र देशप्रेमको महिमा गाउनु रहेको छ ।

सामाजिक पक्षमा नराम्रो कार्यको उद्घाटन '**जिउँदैमा तार्ने पुल**' (पृ. २१), '**मान्छे/लाइसेन्स**' (पृ. २३) र '**युग प्रश्न**' (पृ. २५) जस्ता कविताहरूले गरेका छन् । '**विर्स्यौ मलाई किन ?**' (पृ. १७) र मेरो वस्तीः नेपाली बस्ती (पृ. १९) जस्ता कविताहरू रहेका छन् । स्वदेशको माया कति प्रबल हुन्छ भन्ने कुरा मेरो वस्तीः नेपाली बस्ती (पृ. १९) र युग प्रश्न (पृ. २५) जस्ता कवितामा प्रस्तुत गरिएको छ । राजनैतिक विकृतिप्रति व्यङ्ग्य गरिएको 'जिउँदैमा तार्ने पुल' (पृ. २१) र 'युग प्रश्न' (पृ. २३) भन्ने कविता प्रमुख रहेका छन् । '**मेरो वस्तीः नेपाली बस्ती**' (पृ. १९) र '**मान्छे/लाइसेन्स**' (पृ. २३) जस्ता कविताहरूमा मानतावादी स्वर अभिव्यञ्जित भएका छन् । '**विर्स्यौ मलाई किन ?**' (पृ.१७) र '**मेरो बस्तीः नेपाली वस्ती**' (पृ. १९) जस्ता कविताहरूले प्रकृतिप्रेमलाई नजिकैबाट छुने प्रयास गरेका छन् ।

### ५.१.४ लयविधान

कवि गोविन्दप्रसाद भट्टराईको 'केही कविः केही कविता' मुख्यतः गद्य कवितासङ्ग्रह हो तर यस सङ्ग्रहको पहिलो कविता चाहिँ पद्य वा छन्दबद्ध कविता

हो । यसरी कवि भट्टराई गद्य र पद्य दुवैतर्फ सशक्त रूपमा कलम चलाउने व्यक्ति मानिन्छन् । स्वतन्त्र भावलहरीमा कविताको आकार दिन उनी आकृष्ट भएका छन् ।[५] छन्दमा लेखिएको र अन्य सरसर्ती कविताहरू वाचन गर्दा लयात्मकतापूर्ण मिठास भने पाइन्छ ।जस्तैः

पैल्हो झल्मल-सूर्यरश्मि-रङ्ग विश्रान्त छायाँ बनी ।
छोटो जीवनको अथाह-रहमा एकान्त माया बनी,
आयौ है नव-सृष्टिकी सहचरी ! बाटो बिराईकन,
आर्कै दिव्य-सुवासमा भुलि यहाँ-बिर्स्यौ मलाई किन?

('बिर्स्यौ मलाई किन? (पृ. १ठ)

अन्त्यानुप्रासीय लयविधान पाइने केही गद्यात्मक कवितांश मध्येः

एकातिर, लालीगुराँसले राताम्य वन-पाखाहरू,
अर्कातिर, हिम-राशिले सेताम्य गिरि-टाकुराहरू
शुभ्र-शान्त स्निग्ध आकाशको उज्यालो घामसँगै
त्यतै-कतै चौरीहरू चहारिरहेछन्; मुजुरहरू कराइरहेछन्,
थुम्का-थुक्का हुँदी विस्कुन पाइन्छ कि भनेर

---

[५] ऐजन ।

इन्द्र-धनुषी पखेटाका नौरङ्गी डाँफेहरू ज्योति-लहर छुटाइरहेछन्;

(मेरो बस्ती: नेपाली बस्त: पृ. १९)

हिमालका घामदेखि प्रशान्त-सागरका पानीसम्म,

धर्तीको यस छेउदेखि त्यस किनारासम्म,

तैंले कहिले भू-स्थिति बदल्दै रेखाहरू सजाइस्,

कहिले नीति र राजनीतिका भ्वाङ र भड्खालाहरू बनाइस्,

कहिले क्रान्ति र क्रन्दनका ध्वाँसहरू पोतिस्,

कहिले शान्ति र सम्झौताका गाथाहरू फलाकिस;

(युग प्रश्न पृ. २५)

कवि गोविन्दप्रसाद भट्टराईका गद्य र पद्य दुवै कविताहरू अन्त्यानुप्रासीयता र अन्तरसाङ्गीतिकताले गर्दा लयात्मक बन्न पुगेका छन् ।

### ५.१.५ बिम्ब-प्रतीक योजना

'**केही कवि: केही कविता**' कवितासङ्ग्रह भित्रका कवितामा बिम्ब र प्रतीकहरूको प्रयोग प्रशस्त मात्रामा भएको छ । कविले विभिन्न विम्ब र प्रतीकहरूका माध्यमबाट आफ्नो भाव व्यक्त गरेका छन् ।[६] कविताहरूमा कविले

[६] ऐजन ।

छहरा, क्षितिज, कुन्ज, लेक '**बिर्स्यौ मलाई किन** ?' (पृ. १७) मुजुरहरू, नौरङ्गी डाँफेहरू, तपोवन, पशुपतिनाथ, स्वयम्भू '**मेरो वस्तीः नेपाली वस्ती**' (पृ. १९) पक्की पुल, वीरबहादुर, धनबहादुर, रामबहादुर, परीहरू, देवता र देवदूतहरू '**जिउँदै तार्ने पुल**' (पृ. २१) कागज, मसी, ठेक्का-पट्टा, लाइसेन्स, 'रोडपरमिट' वीर र युधिष्ठिरहरू, मुर्कट्टा '**मान्छे/लाइसेन्स**' (पृ. २३) गिद्ध, ब्वाँसा, स्याल, सियो, रगतका फालसा, गोधूली सन्ध्या, चट्याङ र झिल्काहरू, मरुभूमिको बालुवा, कालो बादल (युग प्रश्न पृ. २५-२७) जस्ता विम्ब र प्रतीकहरूको प्रयोग समानुपातिक रूपमा गरेका छन् ।

### ५.१.६ भाषाशैलीय विन्यास

भाषाशैलीका दृष्टिले 'केही कवि केही कविता' मा एउटा पद्यात्मक र अन्य ४ वटा गद्यात्मक शैलीमा कवि गोविन्दप्रसाद भट्टराईले आफ्ना विचार व्यक्त गरेका छन् । सरल नेपाली भाषाको शब्दहरूको प्रयोग भएका कविताहरूको भाषाशैली वर्णनपरक छ । यी कविताहरूमा पूर्ण विराम, विस्मयादिबोधक र प्रश्नावाचक जस्ता लेख्य चिन्हहरूको प्रयोग भएको छ ।[७] समग्रमा यसमा सङ्कलित कविताहरूमा सरल नेपाली गद्यात्मक भाषको प्रयोग भएको छ । गद्य भाषाको प्रयोगमा ठाउँ-ठाउँको अन्त्यानुप्रासीय सिर्जनाले कविताहरू आस्वाद्य बनेका छन् । कवितामा प्रशस्त मात्रामा बिम्ब र प्रतीकको माध्यमबाट कविता प्रतीकात्मक र व्याङ्ग्यात्मक

[७] ऐजन ।

बन्न पुगेका छन् । गाउँमा प्रयोग हुने नेपाली ग्रामीण परिवेशका शब्दहरू जस्तै गोठाला, सँगिनी, माल्सिरी, द्यौसी र दाई, ढिकी-जाँता र तुलसीको मठको प्रयोग कवितामा भएको पाइन्छ । त्यसैगरी लाइसेन्स, फायल, रोड-परमिट र अडिट जस्ता अंग्रजी शब्दहरू पनि प्रयोग भएका छन् ।

यसरी भाषाशैलीका दृष्टिले कवि भट्टराईका कवितामा विविध शब्दावलीको प्रयोग हुनु उनको छुट्टै विशेषता मानिन्छ ।

## ५.२ गोविन्दप्रसाद भट्टराईका फुटकर समालोचनाहरू

| क्र.सं. | रचनाको शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क | वि.सं. | पत्रिका | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १. | आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण । | - | - | - | २०३५ श्रावण ७ | गोरखापत्र | ७ |
| २. | रामकृष्ण शर्माको समालोचनात्मक मान्यता एवं मूल्यांकन । | १६ | १-२ | - | २०६३ | अरुणोदय | ३ |
| ३. | पिकदूतभित्रका मोतिराम भट्ट एक छलफल । | १ | २ | - | २०४० | प्रवेश त्रैमासिक | २१ |
| ४. | कथा यात्राका सन्दर्भमा कथाकार भिक्षुका प्रवृत्तिको सिंहावलोकन । | १८ | १ | - | २०३८ | अरुणोदय | २५ |
| ५. | फेरि उल्टै मिल्यो-प्रसङ्ग र पर्यवेक्षण । | १ | २ | - | २०३५ | स्वदेश | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | हृदयचन्द्रसिंह प्रधान एक टिपोट | १ | १ | - | २०३५ | स्वदेश | २६ |
| ७. | ‘कथाकार कोइरालाका कथागत वैशिष्ट्यहरू’ । | १५ | ३ | - | २०३५ | अरुणोदय | १ |
| ८. | पहलमानसिंह स्वाँरको परिचय । | | | स्मृति ग्रन्थ | २०३९ | साझा प्रकाशन | - |
| ९. | नेपाली साहित्यमा हास्य-व्यङ्ग्यको सन्दर्भ तथा पिंडाली र अर्यालको तुलनात्मक लेखाजोखा । | | १३ | | २०५० | उन्नयन | |
| १०. | पुलिङ्गको विपक्षमा (बक्र लेख) | - | - | १५५ | २०५० | रत्न श्री | २७ |
| ११. | युगकवि श्रेष्ठलाई सम्झेर | - | - | १५० | २०४९ | रत्न श्री | २६ |
| १२. | राष्ट्रनिर्माता खण्डकाव्य एक छलफल । | २ | ६ | | २०३७ | मदानी | २९ |
| १३. | माइतघर एक विवेचना । | २ | ४.५ | | २०३६ | विहङ्गन दृष्टि | |
| १४. | साहित्यकार लैनसिंह वाङ्देलको योगदानका तीन क्षेत्र । | १ | २ | | २०५० | समीक्षा शोध मर्म | |
| १५. | विश्वेश्वरप्रसाद कोइरालाको साहित्यमा सामाजिकता । | - | - | | २०५२ | वि.पि. समालोचना | |
| १६. | हाम्रो नेपाली किताब (कक्षा ८ का) लागि निर्धारित-पाठ्यपुस्तक सहलेखन श्री ५ को सरकार शि.म.पा.वि.के. | - | - | - | - | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (२०५३) | | | | | | |
| १७. | हाम्रो नेपाली किताब कक्षा ६ का लागि निर्धारित पाठ्यपुस्तक सहलेखन ( २०५१ परीक्षणका रूपमा) श्री ५ को सरकार (२०५२ परिमार्जित रूपमा) ( शि.म.पा.वि.के., भक्तपुर) | - | - | - | - | - | - |

माथि उल्लिखित रचनाहरूमध्ये **'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण'** भन्ने समालोचनात्मक लेखबाट भट्टराईले साहित्यिक यात्राको सुरुवात गरेका हुन् । यस लेखमा नेपाली नाटकमा प्राचीन र आधुनिक नाटकले ग्रहण गरेको पाश्चात्य प्रभावको सूक्ष्म विश्लेषण गरिएको छ । आधुनिक नेपाली नाटक पनि पश्चिमको प्रकृतवादी जोला, समस्यावादी इब्सेन र बनार्ड शाको अत्यन्त प्रभावबाट प्रेरित भएर लेखिएका छन् । "हरेक गतिशील-साहित्यले पाश्चात्य साहित्यको प्रभाव ग्रहण गर्दछ, यदि कुनै साहित्यले गर्दैन भने त्यो ह्रासोन्मुखी वा क्षयोन्मुखी हुन्छ ।" त्यसैले नेपाली साहित्य पनि देश काल र परिस्थितिसँग मिल्दै विकासोन्मुखी बन्नुपर्छ भन्ने धाराण यहाँ उल्लेख गरिएको पाइन्छ ।

गोविन्दप्रसाद भट्टराईको दोस्रो समालोचनात्मक लेख **'रामकृष्ण शर्माको समालोचनात्मक मान्यता एवं मूल्याङ्कनः'** रहको छ । यसमा निर्भीकतापूर्ण समालोचकीय दृष्टिकोण र तार्किक एवं विश्लेषणात्मक प्रस्तुति नै समालोचक शर्माको मूल धर्म हो भन्ने सावित गरिएको छ । संस्कृत छात्रावासमा सम्पन्न साहित्य प्रतियोगितामा गद्यतर्फ प्रथम स्थान प्राप्त गर्न यो रचना सफल भएको थियो । वास्तवमा गुण दर्शन परम्परामा आधारित समालोचना प्रणालीलाई दोष र गुण दुवैका आधारमा विरेचन गरिनुपर्छ भन्ने धारणा समालोचक रामकृष्ण शर्माद्वारा प्रातिस्थापित गरिएको पाइन्छ । निर्णयात्मक पक्षलाई समेट्दै ठोस प्रमाणका साथ पाश्चात्य समालोचनात्मक प्रवृत्तिलाई नेपाली समालोचना प्रणालीमा साक्षात्कार गराउने श्रेय शर्मालाई नै जान्छ भन्ने कुरा यस लेखले जोड्दिएको छ । 'पिकदूतिभित्रका मोतिराम भट्ट छोटो छलफल' शीर्षकको समालोचनाले मोतिराम भट्टलाई एक सिङ्गै युगको रूपमा लेखकले उभ्याउन खोजेका छन् । त्यसैगरी 'पिकदूत' मोतिराम भट्टको श्रेष्ठ कृतिहरू मध्ये एक मानिन्छ । यो एक शिष्ट श्रृङ्गारिक दूतकाव्य हो । यसमा श्रृङ्गारको श्लील सीमाप्रति ज्यादा चनाखो दृष्टि पुऱ्याएको पाइन्छ । भावको आकर्षणलाई पनि 'पिकदूत' को उल्लेखनीय पक्ष मान्नुपर्छ । विप्रलम्भ श्रृङ्गार भावलाई संवेदना र सहानुभूतिको दोस्रो धर्म स्थापित गर्न कवि सक्षम देखिन्छन् । लोकोक्तिको खचाखचले स्वाभाविकता र सहजता भित्रिनाका साथै भाव पुष्टिमा सबलता समेत थपिएको छ ।

गोविन्दप्रसाद भट्टराईले '**कथायात्राका सन्दर्भमा कथाकार भिक्षुको प्रवृत्तिको सिंहावलोकन**' नामक समालोचनात्मक लेखमा भिक्षुको कथा यात्रालाई मूलतः तीन चरणमा विभाजन गरेका छन् । प्रथम चरणमा प्रतिनिधि रचना 'गुनकेसरी' (१९९५-२००६) देखा पर्दछ । दोस्रो चरण (२००७-२०४७) को प्रतिनिधि कथा 'मैंया साहेब' र तेस्रो चरण (२०१८-२०३३) मा 'आवर्त' कथा संङ्ग्रह देखा पर्दछ । यी तीन चरणका कथामा देखिएका चरणगत प्रवृत्ति वा विशेषतालाई लेखकले समग्रमा यसरी परिभाषित गरेका छन्: क) रतिरागात्मक प्रवृत्तिको उद्घाटन । ख) सामाजिकताप्रतिको झुकाव । ग) विषयवस्तुमा विविधता घ) प्रतीक प्रयोग ङ) मध्यम र निम्न वर्गीय तथा कुलीन वर्ग चरित्रको चयन च) भाषिक परिष्कार छ) मनोविश्लेष्णात्मक प्रवृत्ति इत्यादि रहेका छन् ।

**'फेरि उल्टै मिल्यो-प्रसङ्ग र पर्यवेक्षण'** शीर्षक समालोचनामा हास्यव्यङ्ग्यात्मक निबन्धकार केशवराज पिँडालीको कथात्मक पारको निबन्ध शैलीलाई लेखकले प्रष्ट्याउन खोजेको पाइन्छ । **'फेरि उल्टै मिल्यो'** २० वटा हास्य तथा व्यङ्गपरक निबन्धहरूको एकीकृत रूप हो । समष्टिमा यसभित्रका निबन्धहरू प्रभावकारी र चखिला छन् । अझ सम्बादकला पनि बढी स्वभाविक रहेका छन् । भाषाशैली हास्यव्यङ्ग्यका निमित्त अनुकूल छ, झर्रा शब्द, बोलीचालीको सहज र सरल

भाषाको प्रयोग भएको पाइन्छ । व्यङ्ग्य शिष्ट छ र व्यङ्ग्यको मूलधर्म- जुन व्यञ्जनाद्वारा व्यक्त हुन्छ । यस कृतिभित्रमा निबन्धहरूले हास्यव्यङ्ग्यको विशिष्ट मानस्तर प्रतिष्ठित गरेको अनुभव हुन्छ, साथै पिंडालीको हास्यव्यङ्ग्यात्मक सीप सफलताका साथ पोखिएको पाइन्छ ।

**'उपन्यासकार हृदयष्चन्द्रसिंह प्रधान एक टिपोट'** नामक समालोचनात्मक लेखमा लेखकले हृदयष्चन्द्रसिंह प्रधानलाई एक व्यावहारिक, सामाजिक र यथार्थवादी व्यक्तित्वका रूपमा चिनाएका छन् । आफू बसेको काठमाडौंयौली परिवेशको राम्ररी चित्रण गर्नमा उपन्यासकार प्रधानको कलम सशक्त भएको पाइन्छ । '**स्वास्नीमान्छे**' उपन्यासमा वेश्या हुन बाध्य गराउने समाजप्रति नै उपन्यासकारको विद्रोह छ । आर्थिक दृष्टिले नाजुक नारीवर्गलाई वेश्या बन्नुपर्ने स्थितिबाट मुक्त गराउनु यस उपन्यासको उद्देश्य रहेको छ । नारी पात्रलाई अघि सारेर वैचारिक संघर्ष ल्याइएको छ । मूलरूपमा कृषक वर्गको समस्यालाई लिएर लेखिएको एक चिहान उपन्यासमा अन्तरजातीय विवाह र सामन्त समाजबाट बेलाबखत कामुकतावश गरिने अनैतिक व्यवहारको विरोध गरेका छन् । यसरी हृदयष्चन्द्रसिंह प्रधानले यी दुवै उपन्यासलाई प्रगतिवादी यथार्थवादको खुल्ला फाँटमा अग्रसर गराउन सफल भएका छन् । शोषित र पीडित वर्गको प्रतिनिधि पात्र बनेर उपन्यासकार स्वयम् समाजलाई परिवर्तनको दिशातर्फ लैजाने भरमग्दुर प्रयासमा लागेको पाइन्छ ।

"कथाकार कोइरालाका कथागत बैशिष्ट्यहरू" भन्ने लेखमा वि.सं. १९९२ को 'चन्द्रवदन' कथाको माध्यमबाट नेपाली साहित्यको फाँटमा देखा परेका कोइरालाका प्रवृत्तिगत विशेषताहरूको उल्लेख गरिएको छ । नेपाली कथा जगतमा मनोविश्लेषणलाई आधार मान्ने तथा मनबाट चरित्रको क्रियाव्यापार निर्धारण गर्ने कोइरालालाई मनोवैज्ञानिक कथाकार मानिन्छ । पात्रको सूक्ष्मतापूर्वक बाह्य तथा आन्तरिक मनस्थितिको चित्रण गर्दै विषयको पुष्टि उनका हरेक कथाले गरेका छन् । यसरी कर्नेल्नीको घोडाप्रतिको अप्रत्यक्ष आसक्ति होस् या पवित्राको मालिकसँगको नजानिंदो प्रेमाशक्ति होस् चाहे '**दोषी चश्मा**' को केशवराज कै दिनचर्चाको चर्चा किन नहोस् सम्पूर्ण घटना, संयोजना र संरचना सरल स्वभाविक बनेका छन् । अझ सिपाहीको चरित्रको अत्यन्त तिख्खर प्रकाश र मधेसतिरको विधवाको दिवास्वप्नको चित्रण पनि कथाकारले यौनजन्य मनोविश्लेषणको आधारमा गरेका छन् । नारी समस्यालाई मानसिक गहिराईसम्म पुगेर अध्ययन गरी आफ्नै सीप सज्जा र अभिव्यक्तिका साथ कथा भित्रका चरित्रलाई कोइरालाले दुरुस्त, जीवन्त र सार्वभौम तुल्याएका छन् ।

'**पहलमानसिंह स्वाँरको परिचय**' नामक स्मृतिग्रन्थमा लेखक गोविन्दप्रसाद भट्टराईले माध्यमिककालीन '**अटलबहादुर**' नाटकका सफल प्रयोक्ता स्वाँरको चर्चा-

परिचर्चा गर्नुभएको छ । वि.सं. १९६२ सालमा प्रकाशित '**अटलबहादुर**' ऐतिहासिक र वियोगान्त नाटक मानिन्छ । '**वियोगान्त न नाटकम्**' भन्ने पूर्वीय नाट्य सिद्धान्तको विपरीत सर्वप्रथम वियोगान्त धारालाई आत्मसात गर्दै लेखिएको यस नाटकको छुट्टै महत्व रहेको छ । पहलमानसिंह स्वाँरलाई परम्परागत नाट्य परम्पराबाट अलग्गै उच्च स्थान हासिल गराएको '**अटलबहादुर**' नाटक माध्यमिक कालीन महान् कृति वा दस्तावेज मानिन्छ । वि.सं. १९८६ सालमा प्रकाशित नाटककार समको '**मुटुको व्यथा**' सम्म आइपुग्दा '**अटलबहादुर**' नै सिङ्गो नेपाली साहित्यको प्रतिनिधि नाटक मानिएको पाइन्छ । यसरी परम्पराभञ्जक भएता पनि पहलमानसिंहलाई माध्यमिक कालका सशक्त नाटककारको दर्जा पनि यही नाटकले दिएको पाइन्छ ।

**'नेपाली साहित्यमा हास्यव्यङ्ग्यको सन्दर्भ तथा पिँडाली र अर्यालको तुलनात्मक लेखाजोखा'** भन्ने लेखमा नेपाली साहित्यको इतिहासमा हास्यव्यङ्ग्यको थालनी प्राथमिक कालदेखि नै भएको पाइन्छ । एउटा कुरा वीरहरूको चरित्रलाई व्यङ्ग्यधर्मी नायकको रूपमा प्रतिस्थापित गरिएको हास्यव्यङ्ग्य कला वर्तमानमा सोभै प्रस्तुत भएको देखिन्छ । पिँडाली र अर्यालको कुरा गर्दा उमेर र अनुभवका हिसाबले पिँडाली अग्रज भएता पनि हास्यव्यङ्ग्य लेखनका हिसाबले अर्याल पिँडाली भन्दा तीन विसौनी उचाइमा रहेका छन् । विशिष्ट व्यङ्ग्यशैली अर्यालको महत्वपूर्ण खूबी हो । विषयवस्तुमा व्यापकता नभई प्रायः राजनीति केन्द्रीत हुनु पिँडालीको

विषयवस्तुको सीमा हो । समाजको बहुपक्षीय छेउपाटा चाहर्दै त्यहाँका विद्वत्ता, विषमता, विसङ्गति, विरोधाभास र बेढँगका चालचलन बानीबेहोरा, आचार-विचार, अपचलनहरूको खुलस्त चित्र प्रस्तुत गर्दै कुरी-कुरी लगाएर रुञ्चे हाँसो पैदा गर्न अर्याल जति सशक्त र सबल देखिन्छन् पिँडालीमा केही न केही भद्रापन, अल्छीलाग्दो गन्थन, निजत्वको फाईफुँईं र उबड-खाबड प्रस्तुतिले फिकापन निम्त्याएको सहज अनुमान गर्न सकिन्छ । पिँडालीको खै-खै भित्र मार्मिकता पाइन्छ तर अर्यालका काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री सबै निबन्धमा व्यङ्ग्य र हास्यको सन्तुलित छटा देख्न पाइन्छ । यसरी कतिपय निबन्ध लेखहरूमा पिँडाली स्तरीयता कायम गर्न चुकेका छन् तर अर्यालमा परिपक्वता झन् झाङ्गिदै गएको छ ।

**'पुलिङ्गको विपक्षमा'** बक्र लेख गोविन्दप्रसाद भट्टराईको व्यङ्ग्यात्मक शैलीको रचना मानिन्छ । सिद्धान्त एकातिर तर व्यवहार अर्कोतिर भएपछि मानिसलाई चल्न गाह्रो हुन्छ । व्याकरणमा पुलिङ्ग, स्त्रीलिङ्ग र नपुङ्सकलिङ्ग तीन वटाको छुट्टाछुट्टै प्रयोग तथा वर्गीकरण गरिएता पनि व्यवहारमा पुलिङ्ग र स्त्रीलिङ्ग बीच खास भिन्नता नदेखिएको प्रति लेखकले दह्रो व्यङ्ग्य प्रस्तुत गरेका छन् । हिन्दी भाषामा '**पुलिस आरही हे**' भन्नु र नेपालमा केटाले केटीजस्तो अनि केटीले केटाजस्तो बनेर हिड्नु यी सबै पुलिङ्गका विपक्षमा देखिएका प्रमाण हुन् । अनि कक्षामा नेपाली पढाउने शिक्षिकाले फूलनामबाट मूलनाम बाँकी राख्दा स्त्रीलिङ्ग बनाउन सकिन्छ

भन्ने उदाहरण दिए जस्तैः राधारमण=पुलिङ्ग, मूलनाम राधा=स्त्रीलिङ्ग हुन्छ भन्नु सबै पुलिङ्गको विपक्षमा देखिएका उदाहरण हुन् । हुनत नारी समानताको वकालत गर्ने राजनीतिज्ञ होस वा जो कोही पुरुष विरोधीलाई यो कुरा मन नपर्ला तर व्याकरणमा उल्लिखित लिङ्ग व्यवस्थाको मर्मलाई नै लत्याउनु जायज नहुने कुरा यस लेखमा प्रष्ट पारिएको छ ।

**'युगकवि श्रेष्ठलाई सम्झेर'** भन्ने समालोचनात्मक लेखमा लेखकले युगकवि सिद्धिचरण श्रेष्ठ साँच्चै नै एक युग सम्वाहक व्यक्तित्व थिए भन्ने प्रष्ट पारेका छन् । समाजलाई जागरण र क्रान्तिको सन्देश दिने साहित्यको सिर्जना युगकविबाट भएको पाइन्छ । वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्तिपछि पनि प्रजातन्त्रलाई जोगाउन हरेक नेपालीलाई सचेत हुनुपर्ने सन्देश कवि सिद्धिचरण श्रेष्ठले दिएका थिए । विभिन्न विशिष्ट व्यक्तित्वहरूले उनको मृत्यु हुनुभन्दा अगाडि अन्तिम इच्छा के छ ? भनेर सोध्दा प्रजातन्त्रलाई जोगाएर राख्नुपर्छ भन्ने उनै युगकवि आज हाम्रो सामु छैनन् । हामीले पनि सच्चा देशभक्ति र प्रजातन्त्र प्रति प्रतिबद्ध हुनुपर्दछ भन्ने कुरा प्रस्तुत लेखमा व्यक्त गरिएको छ ।

**'राष्ट्रनिर्माता खण्डकाव्य एक छलफल'** शीर्षकमा राष्ट्रकवि माधव घिमिरेले वि.सं. २०२२ सालमा रचना गरेका ऐतिहासिक खण्डकाव्य राष्ट्रनिर्माताको वर्णन

गरिएको छ । यस खण्डकाव्यमा दुई ऐतिहासिक चरित्र पृथ्वीनारायण शाह र दलमर्दन शाहका बीचमा भएको राष्ट्रलाई संघटन र विघटन गर्ने कुरालाई विषयवस्तु बनाइएको छ । पृथ्वीनारायण शाह सार्थकता, कर्मण्यता र सक्रियताका प्रतीक हुन् त्यसैले उनी नेपाल राष्ट्रका निर्माता हुन् तर दलमर्दन शाह निष्कर्मण्यता र निष्क्रियताका घोतक हुन् । खण्डकाव्यभित्र विभिन्न उदाहरण र बिम्ब तथा तर्कहरू आए तापनि राज्यलाई पैतृक सम्पत्तिका रूपमा अंशवण्डा गर्न चाहने दलमर्दन शाह स्वतः पराजित छन् । कविले भनेझैं जगत विशाल छ, जीवन क्रियाशील छ अतः राष्ट्र टुक्रायाउने तत्व होइन यो त अखण्डनीय तत्व हो भन्ने कुरा पृथ्वीनारायण शाहको पक्षले खण्डकाव्यको मूल उद्देश्यलाई व्यक्त गरेको पाइन्छ । खण्डकाव्यभित्र काव्यका विषयगत आधार र भावधाराले यो खण्डकाव्य उत्कृष्ट बनेको देखिन्छ भन्ने आशय यस लेखमा प्रकट भएको छ ।

**‘माइतघर एक विवेचना’** अन्तर्गत लेखकले लैनसिंह बाङ्गदेलको यथार्थवादी उपन्यास **‘मुलुक बाहिर’ झैँ ‘माइतघर’** पनि सामाजिक यथार्थवादी उत्कृष्ट उपान्यासमा दरेका छन् । उपन्यासकार बाङ्देल सामाजिक कथालाई कदापि त्याग्न चाहँदैनन् बरु खोजी-खोजी समाजभित्रका करुणा र सहानुभूतिलाई उपन्यासमा अनुस्यूत गर्न चाहन्छन् । यस उपन्यासका मुख्य पात्र हरि र सानीका दुःखद् जीवन काहानीलाई उपन्यासकारले चित्रण गरेका छन् । यस उपन्यासकी केन्द्रीय चरित्र

'सानी' हो र ऊ अबला नारी हो । **'हरि'** उसको जीवनको प्राप्ति (लक्ष्य) हो र प्राप्तिमा पुग्न नसक्दा उसको जीवन बीचैमा धरापमा परी सखाप हुनु पनि स्वाभाविक हो । **'माइतघर'** सानीको हृदयको **'घर'** हो र ऊ त्यसैमा रमाउन चाहन्थी तर समाजको परम्परागत नैतिक बन्धनले सानीको कल्पित घरलाई अकल्पित बनाइदिएको छ । उपन्यासकार समाजभित्रका नारी जगत्का पीडा, व्यथा, मर्म, विरह र विह्लतालाई मूर्त रूप दिन चाहन्छन् । हाम्रा सामाजिक चाडपर्व दशैं र तिहारको धुकधुकीलाई छुँदै हरि र सानीका दौंतर -बाल्यजीवनका अशेष मधुरिमालाई छोएर दुवैका मनोबिम्ब र मनोजगतलाई सामाजिक दृष्टिले कलाकारिताको लेप लगाउन बाङ्देल सफल भएका छन् भन्ने कुराको उल्लेख यस लेखमा भएको छ ।

**'साहित्यकार लैनसिंह बाङ्देलको योगदानका तीन क्षेत्र'** शीर्षक लेखमा लेखकले बाङ्देलका साहित्यिक फाँटहरू निम्न रहेको कुरा उल्लेख गरेका छन्: क) उपन्यासका फाँटमा ख) यात्रा-साहित्यका फाँटमा र ग) जीवनी विधाका फाँटमा ।

क) उपन्यासका फाँटमा बाङ्देलको मुलुक बाहिर (२००४) सामाजिक यथार्थवादी दृष्टिकोण र निम्नवर्गीय आर्थिक जिन्दगीका मानवतावादी स्वरलाई करुण रस परिपाकद्वारा प्रस्तुत गरिएको छ । माइतघर (२००५) र लङ्गडाको साथी (२००६) मध्ये माइतघर सुकोमल भाषाशैली, सामाजिक रहनसहन तथा दग्ध करुण

मनोवृत्तिका हिसाबले औधि पठनीय छ । **'लङ्गडाको साथी'** उपन्यासमा पशुचरित्रको समावेश, कथानकको क्षीणता, व्यङ्ग्यात्मक तीव्रता, मानवतावादी दृष्टिकोण र अपाङ्ग असहाय लङ्गडाका मानसिक अव्यञ्जना औधि नयाँ बनेका छन् । पाश्चात्य यथार्थवाद र प्रकृतवादको प्रभावलाई उनका उपन्यासले राम्ररी चित्रण गरेका छन् ।

लैनसिंह बाङ्गदेलको **'युरोपको चिठी'** (सन् १९५७) सर्वप्रथम यात्रा साहित्य फाँटमा देखा परेको कृति हो । नेपाली साहित्यको क्षेत्रा सर्वप्रथम वि.सं. १९१० मा **'जङ्गवहादुरको बेलायत यात्रा'** नामक यात्रा साहित्यबाट नै यात्राकारहरू देखा परेका छन् । लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' र बालकृष्ण समको **'बर्दहामा शिकार'** नामक यात्रापरक रचनाहरू **'शारदा'** मा नै छापिएका थिए । लैनसिंह बाङ्देलले **'स्पेनको सम्झना'** (२०२०) नामक अर्को यात्राकृति थप प्रकाशित गरेर विधागत नवीन सचेतता तथा शैलीगत सुकोमलता प्रदान गरेका छन् । नेपाली यात्रा साहित्यका फाँटमा यात्राकार बाङ्देल (२०१३-१४ देखि २०२० सम्म) को योगदन गरिमामय रहेको पुष्टि यस लेखले गरेको छ ।

नेपाली भाषामा जीवनी लेखनको परम्परा वि.सं. १९४८ मा मोतिराम भट्टद्वारा "कवि भानुभक्तको जीवन चरित्र" बाट नै स्थापित भएको वस्तुतः आधुनिक अवस्थामा सजधज र सचेतता अंगाल्दै जीवनीकार लैनसिंह बाङ्देल वि.सं. २०२२

सालमा “विश्वका ६ महान् कलाकार” नामक कृति लिएर देखा पर्छन् । जीवन चरित्रात्मक उपन्यास ‘रेम्ब्राण्ट’ (२०२३) लेखी जीवनी साहित्यमा नवीन संभावनाका द्वारसमेत खोलिदिएको तथ्यलाई यस लेखले उद्घाटन नै गरेको छ ।

**‘विश्वेश्वरप्रसाद कोइरालाका साहित्यमा सामाजिकता’** नामक लेखमा कथाकार कोइरालाले समाजमा गुज्रेका घटित घटनालाई आफ्ना कथाको विषयवस्तु बनाएको कुरा उल्लेख गरिएको छ । मधेसतिर कथाको विषयवस्तु होस् चाहे दोषी चश्माको विषयवस्तु प्रायः सबै कृत्तिहरूमा नेपाली दीन-हीन, निम्नवर्गीय समाजको चित्रण कथाकारले खुलस्त रूपमा गरेका छन् । शोषणरहित समाजको परिकल्पना कोइरालाका कथाको पृष्ठभूमि मानिन्छ । यौनजन्य कुरा गर्दा पनि सामाजिकताको सीमारेखालाई ननाघी श्लील र शिष्ट प्रेमको प्रस्तुति उनका कृतिको विशेषता रहेको पाइन्छ । साहित्यलाई समाजको दर्पण भनिन्छ त्यसरी नै साहित्य सिर्जना समाजको पक्षमा हुनुपर्छ भन्ने मान्यता विश्वेश्वरप्रसाद कोइरालाका रचनामा प्रशस्त भेटिन्छ ।

गोविन्दप्रसाद भट्टराईले समालेचना, पत्रकारिता र पुस्तकलेखन कार्य सम्पूर्णलाई एकै साथ अगाडि बढाएका थिए । ‘हाम्रो नेपाली किताब’ कक्षा ८ र ६ का लागि निर्धारित पाठ्यपुस्तकको सहलेखन तथा परिमार्जन लेखक स्वयम्ले गरेका थिए । पुरानो पाठ्यपुस्तकभन्दा समय सान्दर्भिक नयाँ पाठ्यपुस्तकले साहित्यका

विभिन्न विधालाई समेटेको पाइन्छ । प्रबन्ध, सम्वाद, नाटक र वादविवादजस्ता बौद्धिक खुराकलाई यी नवीन पाठ्यसामग्रीमा समावेश गरिएको छ । पुराना कथाहरूको सट्टा नयाँ शिक्षाप्रद घटनाहरूलाई संयोजन गर्दै लेखिएका कथाहरू उक्त नयाँ पाठ्यपुस्तकमा समावेश गरिएका छन् ।

'आरम्भ' र 'अहोरात्र' साप्ताहिकका सम्पादकसमेत रहेका गोविन्दप्रसाद भट्टराईले कर्मक्षेत्र, धर्मसन्देश र खोटाङ्ग जस्ता विभिन्न पत्रपत्रिकामा साहित्यिक लेख-रचनाहरू प्रस्तुत गरेका छन् । माथि उल्लिखित रचनाहरूका अतिरिक्त विभिन्न साहित्यिक संघ-संस्थाका मुखपत्र र दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरूमा साहित्यकार भट्टराईका विभिन्न रचनाहरू प्रकाशित भएपनि कतिपय अप्राप्त भएका कारणले यहाँ उल्लख गर्न सकिएको छैन् । एउटा साहित्यकारको सिङ्गो जीवन दर्शनलाई दुरुस्त उतार्ने काम सहज नभएको कारण उनका कृतिहरू बारेमा अनुसन्धान र विश्लेषण गर्ने जो-कोहीलाई पनि यी प्राप्त सामग्रीहरू सहयोगी हुने कुरा सान्दर्भिक मानिन्छ ।

# छैटौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

वि.सं. २०१२ सालमा खोटाङ्ग जिल्लाको रावा लामिडाँडामा जन्मिएका गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यका विविध विधामा कलम चलाएका एक स्रष्टा हुन् । उनले विशेषतः कविता, निबन्ध, समालोचना र पत्रकारिता विधामा आफ्नो पहिचान कायम गरेका छन् ।

यस शोधपत्रको शोध परिचयसँग सम्बन्धित पहिलो परिच्छेद बाहेक दोस्रो परिच्छेददेखि पाँचौं परिच्छेदसम्म गरिएको अध्ययनको उपसंहार र यसप्रकार छन्ः

गोविन्दप्रसाद भट्टराईको जन्म कृष्णप्रसाद भट्टराईकी श्रीमती सावित्री भट्टराईका कोखबाट वि.सं. २०१२ साल माघ १ गतेका दिन नेपालको हालको सगरमाथा अञ्चल, खोटाङ्ग जिल्लाअन्तर्गत रावालामिडाँडा गाउँ विकास समितिमा भएको हो ।

गोविन्दप्रसाद भट्टराईको बाल्यकाल परिवारका सम्पूर्ण सदस्यहरू आमाबुबा र दाजु-दिदीहरूका साथ रमाइलोसँग बितेको थियो । पाँच वर्षको उमेरमा विश्वज्योति प्राथमिक विद्यालय लामिडाँडामा भर्ना भएर औपचारिक रूपमा शिक्षारम्भ गरेका हुन् । उच्च शिक्षा हाँसिल गर्ने क्रममा उनले दाजु डा.माधव भट्टराई पढेको बाल्मीकि संस्कृत विद्यापीठमा वि.सं. २०२८ बाट सुरुवात गरी वि.सं. २०३० मा उत्तरमध्यमा द्वितीय श्रेणीमा पास गरेका थिए ।

अध्ययनमा असाध्यै रुचि राख्ने भट्टराई विभिन्न साहित्यिक कार्यक्रममा सहभागी भई पुरस्कृत हुने गर्थे । उनको सर्वप्रथम 'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण' नामक समालोचना प्रकाशित भएको थियो । त्यसपछि क्रमशः विभिन्न पत्रपत्रिकाहरू जस्तै, अरुणोदय, मदानी, प्रवेश, स्वेदश र उन्नयन नामका पत्रिकामा विविध साहित्यिक लेख-रचनाहरू प्रकाशित भएको पाइन्छ । पछिल्लो समयमा आएर पाठ्यपुस्तक र पत्रपत्रिकाको सम्पादनमा व्यस्त देखिएका भट्टराई सामाजिक सेवामा पनि सङलग्न रहेका थिए ।

गोविन्दप्रसाद भट्टराई अग्लो कदका गहुँगोरो वर्णका व्यक्ति थिए । सरल, मिजासिलो र निर्भीक स्वभावका साथै समाजका सबै वर्गका मानिसहरूसँग समान सम्बन्ध राख्ने उनको अभिरुचि थियो । साहित्यिक कार्यमा उनी विद्यार्थी

जीवनकालदेखि नै सङलग्न थिए । संस्कृत छात्रावासमा रहँदा-बस्दा विविध साहित्यिक गोष्ठीहरूमा सहभागी भई पुरस्कृत भएका भट्टराईले पछाडि प्राध्यापन पेशा अँगाले पनि लेखन कार्यलाई निरन्तरता दिईरहेका थिए ।

वि.सं. २०४३ सालमा 'केही कवि केही कविता' नामक सामूहिक कवितासङग्रह प्रकाशित गरी त्यसमा जम्मा पाँच वटा कविताहरू कवि भट्टराईले समावेश गरेका छन् । जसमा २० हरफदेखि ६६ हरफसम्मका कविताहरू रहेका छन् । कविता लेखनका अतिरिक्त पाठ्यपुस्तक लेखन कार्यमा पनि भट्टराईले कलम चलाएका थिए । श्री ५ को सरकारद्वारा निर्धारित पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब' कक्षा ६ र ८ को सहलेखन समेत गोविन्दप्रसाद भट्टराई र द्रोण दाहालको सङलग्नतामा भएको थियो । घरमा नै साहित्यिक वातावरण पाएका भट्टराईले राजनीतिक र सामाजिक कार्यमा पनि निर्भीक र स्पष्टवादी विचार धारालाई अवलम्बन गरेका थिए । पत्रपत्रिकाको सम्पादक र समालोचक पनि रहेका भट्टराईको व्यक्तित्व स्पष्टवादी र साहित्यिक तथा स्वतस्फूर्त अगाडि बढेको थियो ।

साहित्यकारका साहित्य यात्रालाई विभाजन गर्ने खास आधार अनुसार गोविन्दप्रसाद भट्टराईका साहित्य यात्राका चरणहरूलाई दुई भागमा विभाजित गरिएको छ ।

प्रथम चरण वि.सं. २०३५ देखि २०५१ सम्मलाई आधार मानी साहित्यकार गोविन्दप्रसाद भट्टराईका प्रारम्भिक रचनाहरूको वर्णन गरिएको छ । सर्वप्रथम समालोचनाद्वारा साहित्यिक क्षेत्रमा चिनिएका भट्टराईले वि.स.. २०४३ मा 'केही कवि केही कविता' नामक सामूहिक कवितासङ्ग्रहमा ५ वटा कविताहरू प्रकाशित गरेका थिए । यस चरणका अन्य समालोचनात्मक लेखमा पनि राजनीतिक सचेतता, सामाजिक अन्योल जनताको मौलिक हक-अधिकारको अभिव्यक्ति भएको पाइन्छ । प्रजातन्त्र आगमनपूर्व देशको दुरावस्था, जनताप्रति निराशा र आक्रोशका घटनालाई उनका रचनाहरूले समेटेका छन् ।

वि.सं. २०५१ देखि २०५९ सालसम्म साहित्यककार भट्टराईले राजनैतिक आस्थाबाट वितृष्णा देखाउँदै भ्रष्ट व्यक्तिले देशको राष्ट्रियता र जनचाहना विपरीत भए गरेका कार्यको भर्त्सना गरेका छन् । भट्टराईको दुई दशक लामो साहित्यिक परिपक्वता विषयवस्तुभित्र झल्किएको छ साथै गुणात्मक साहित्य रचनामा उनी बढी सङलग्न देखिएका थिए । यस चरणमा पाठ्यपुस्तक लेखनको कार्यलाई उनले जोड दिँदै कक्षा ८ र ६ का लागि श्री ५ को सरकारद्वारा निर्धारित 'हाम्रो नेपाली किताब' सहलेखन गरेका थिए ।

गोविन्दप्रसाद भट्टराईका कृतिहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ । 'केही कवि र केही कविता' सामूहिक कवितासङग्रहमा छोटो २० हरफ कविता 'विर्स्यौ मलाई किन ?' र ६६ हरफे 'युग प्रश्न' जस्तो लामा गरी ५ वटा कविताहरू उनले समाविष्ट गरेका छन् । यस सङ्ग्रहभित्रका कवितामा सामाजिक, आर्थिक, राष्ट्र र राष्ट्रियता, मानवतावाद, जीजी विषा जस्ता जीवनका विविध पक्षलाई समेटिएको छ । भाषाशैली र विम्ब-प्रतीक योजना तथा भाव-लयविधान पनि समानुपातिक रूपमा प्रयोग गरिएका भट्टराईका कविताहरू सुकोमल र सुललित रहेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा समलोचनात्मक लेख, बक्र लेख, छलफल र धारणाहरू अभिव्यक्त गर्दै भट्टराईले विविध साहित्यिक खुराकलाई पाठक सामु प्रस्तुत गरेका छन् । विभिन्न सामाजिक संघ-संस्था र साहित्यिक प्रतिष्ठानका मुखपत्र तथा विशेषाङ्कमा पनि उनका रचनाहरू प्रकाशित भएको पाइन्छ । समाजलाई सन्देशमूलक ज्ञान र सिर्जनाको लागि उनका रचनाहरूले अभिप्रेरित गर्दछन् । समाजमा विद्यामान बेथितिको पर्दाफास गर्नु नै उनका रचनाको मूल उद्देश्य हो। समाजमा देखिएका कुरीति र अत्याचारको अन्त्य गर्न आफ्ना रचनाको माध्यमबाट कविले चाहेका छन् । हिमाल, पहाड, तराई र उकाली-ओरालीलाई आफ्ना रचनाको परिवेशमा सम्हाल्दै उनले साहित्यको श्रीवृद्धिमा निरन्तर कलम चलाएको देखिन्छ ।

## ६.२ निष्कर्ष

गोविन्दप्रसाद भट्टराईले नेपाली साहित्यको क्षेत्रमा दिएको योगदानलाई समग्र मूल्याङ्कन गर्नु यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ । वि.सं. २०३५ सालदेखि साहित्य लेखनमा निरन्तर लाग्दै विभिन्न समालोचनात्मक लेख, बक्र लेख, निबन्ध, कविता र पुस्तक तथा पत्रपत्रिकाको सम्पादन कार्यमा उनको कलम सशक्त रूपमा चलेको पाइन्छ । भट्टराईले आफ्ना कृतिमार्फत सामाजिक सचेतता, व्यक्तिगत संघर्ष र साहित्यिक खुराकलाई सन्देशमूलक रूपमा पाठक सामु प्रस्तुत गरेका छन् । उनको व्यक्तिगत जीवन र साहित्य लेखन देश, काल र परिवेशको भाव-भङ्गीसँगै लगातार सिर्जनात्मक गोरेटोमा लम्किएको पाइन्छ । उनका हरेक कृतिहरूले सामाजिक विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक पाराले उदाङ्गो पारेका छन् ।उनका हरेक रचनाहरूमा सरल, सहज र सुललित भाषाशैलीको प्रयोग भएको पाइन्छ । मानवीय मनका अन्तर-कुन्तरका भावनालाई पनि उनका रचनाले समेटेका छन् । यसरी समग्रमा भन्नुपर्दा जीवन-जगतको वास्तविकतासँग उनका सम्पूर्ण कृतिहरूले साक्षात्कार गरेको पाइन्छ ।

# सन्दर्भग्रन्थ सूची


## १. पुस्तक सूची

अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, साझा प्रकाशन पुल्चोक, ललितपुर, २०२८ ।

जोशी, ताराप्रसाद, नेपाली कवितासङ्ग्रह पहिलो भाग प्रथम प्रकाशन २०३० ।

दहाल, सीतादेवी, **'उषा शेरचनका कविताको विश्लेषण',** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, २०६० ।

भट्टराई, गोविन्दप्रसाद, **'केही कवि केही कविता'**, काठमाडौं, तुमुल प्रकाशन २०४३ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा), **नेपाली कविता भाग-१**, साझा प्रकाशन पुल्चोक, ललितपुर, २०४६ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा), **नेपाली कविता भाग-४**, ते.सं., साझा प्रकाशन पुल्चोक, ललितपुर, २०५४ ।

## २. पत्रिका सूची

भट्टराई, गोविन्दप्रसाद, 'आधुनिक नेपाली नाटकमा पाश्चात्य प्रभावको विश्लेषण', **गोरखापत्र**, (२०३५ साउन ७ शनिवारीय) पृ. ७ ।

भट्टराई, गोविन्दप्रसाद, 'रामकृष्ण शर्माको समालोचनात्मक मान्यता एवं मूल्याङ्कन', **अरुणोदय,** (वर्ष-१६ अङ्क १-२, वि.सं. २०३६) पृ. ३ ।

भट्टराई, गोविन्दप्रसाद, 'पिकदूतभित्रका मोतिराम भट्ट एक छलफल', **प्रवेश** त्रैमासिक, (वर्ष-१, अङ्क २, २०४०) पृ. २१ ।

भट्टराई, गोविन्दप्रसाद, 'कथा यात्राका सन्दर्भमा कथाकार भिक्षुका प्रवृतिको सिंहावलोकन', **अरुणोदय**, (वर्ष-१८, अङ्क १, २०३८) पृ. २५ ।

भट्टराई, गोविन्दप्रसाद, 'फेरि उल्टै मिल्यो-प्रसङ्ग र पर्यवेक्षण', **स्वदेश,** (वर्ष-१, अङ्क २, २०३५), पृ. २५ ।

भट्टराई, गोविन्दप्रसाद, 'हृदयष्चन्द्रसिंह प्रधान एक टिपोट', **स्वदेश**, (वर्ष-१, अङ्क १, २०३५) पृ. २६ ।

भट्टराई, गोविन्दप्रसाद, 'कथाकार कोइरालाका कथागत वैशिष्ट्यहरू', **अरुणोदय,** (वर्ष-१५, अङ्क ३, २०३५) पृ. १।

भट्टराई, गोविन्दप्रसाद, 'पहलमानसिंह स्वाँरको परिचय', **स्मृतिग्रन्थ**, साझा प्रकाशन पुल्चोक, ललितपुर, २०३९ ।

भट्टराई, गोविन्दप्रसाद, 'नेपाली साहित्यमा हास्यव्यङ्ग्यको सन्दर्भ तथा पिँडाली र अर्यालको तुलनात्मक लेखाजोखा', **उन्नयन विशेषाङ्क**, (अङ्क १३, २०५०) पृ. २९ ।

भट्टराई, गोविन्दप्रसाद, 'पुलिङ्गको विपक्षमा', (बक्र लेख), **रत्नश्री** द्वैमासिक, (पूर्णाङ्क १५५, २०५०), पृ. २७ ।

भट्टराई, गोविन्दप्रसाद, 'युगकवि श्रेष्ठलाई सम्झेर', **रत्नश्री** द्वैमासिक, (पूर्णाङ्क १५०, २०४९) पृ. २६ ।

भट्टराई, गोविन्दप्रसाद, 'राष्ट्रनिर्माता खण्डकाव्य एक छलफल', '**मदानी**' द्वैमासिक, (वर्ष-२, अङ्क ६, २०३७) पृ. २९ ।

भट्टराई, गोविन्दप्रसाद, 'माइतघर एक विवेचना', **विहङ्गम दृष्टि**, (वर्ष-२, अङ्क ४ २०३६) ।

भट्टराई, गोविन्दप्रसाद, 'साहित्यकार लैनसिंह वाङ्देलका योगदानका तीन क्षेत्र', **समीक्षा शोध मर्म**, (वर्ष-१, अङ्क २, २०५०) पृ. ३४ ।

भट्टराई, गोविन्दप्रसाद, 'विश्वेश्वरप्रसाद कोइरालाको साहित्यमा सामाजिकता', **वि.पि. समालोचना,** वि.पि. साहित्य केन्द्र काठमाडौं, २०५२ ।

भट्टराई, गोविन्दप्रसाद, (सहलेखन), **'हाम्रो नेपाली किताब कक्षा-६, ८',** २०५१-२०५२, श्री ५ को सरकार शिक्षा मन्त्रालय पा.वि.के., सानोठिमि भक्तपुर ।

भट्टराई, गोविन्दप्रसाद, (सम्पा), '**अहोरात्र साप्ताहिक**', (वर्ष-२, अङ्क ७, २०४९ साल साउन १८ गते आइतवार) ।